का.जि.प्र.का.द.नं. १००/०५९/६०
❒ वर्ष १८, अंक २४
❒ ११ फागुन २०७६, आइतबार
❒ 23 February 2020, Sunday
www.madhyanhadaily.com
पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक




### नेकपामा सहमति

# एमसीसी संशोधनसहित पारित

**विवादित अमेरिकन परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) संशोधन सहित पारित गर्न सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सचिवालयमा सहमति जुटेको छ । नेकपाको निर्णयसँगै एमसीसीमा देखिएको विवाद हल हुने देखिएको छ ।**

**राजेश्वरी कार्की/मध्यान्ह**
काठमाडौं, १० फागुन

अमेरिकी परियोजना मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) संशोधन सहित पारित गर्न सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को सचिवालयमा सहमति जुटेको छ । माघ (१५-१९) को नेकपा केन्द्रीय कमिटी बैठकले झलनाथ खनालको संयोजकत्वमा अध्ययन कार्यदल गठन गरेको थियो । दश दिनको समय दिइएको कार्यदलले थप १० दिन खर्चिएर अध्यक्ष द्वय केपी शर्मा ओली र पुष्पकमल दाहाललाई प्रतिवेदन बुझाएको थियो । शुक्रबार प्रतिवेदन बुझाइएपछि शनिबार नै नेकपाले सचिवालय बैठक बोलाएको थियो ।

प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सचिवालय बैठकले कार्यदलको प्रतिवेदनको भावनाअनुसार, संशोधन गर्न सहमति जुटाएको हो । नेकपाका उपाध्यक्ष बामदेव गौतमका अनुसार, प्रतिवेदन संशोधनसहित पारित हुनेछ । कार्यदलका अन्य दुई सदस्य भीम रावल र प्रदीपकुमार ज्ञवाली भने सचिवालयमा छैनन् । तीन सदस्यीय कार्यदलका संयोजक झलनाथ खनालले सचिवालय बैठकमा प्रतिवेदनबारे सचिवालय बैठकको शुरुमा ब्रिफिङ गरेका थिए ।

बरिष्ठ नेता खनालको ब्रिफिङपछि बैठकमा एमसीसी परिमार्जन गर्न सहमति जुटेको हो । "एमसीसीको गम्भीर र आपत्तिजनक बुँदाहरु झलनाथ खनालले सुनाएपछि सचिवालयका नेताहरुले परिमार्जन परिमार्जन गरेर मात्रै पारित गर्न तयार भएका छन् । यसबारे सचिवालयका सदस्यहरुले थप अध्ययन गरेर निर्णय लिइनेछ", उपाध्यक्ष बामदेव गौतमले भने । सचिवालयका नेताहरुले दुई-तीन दिनभित्रै अध्ययन गरेर पार्टी निर्णय लिइने उपाध्यक्ष गौतमले बताए । सन् २०१७ मै एमसीसी परियोजनाबारे नेपाल सरकारले सम्झौता गरेको थियो । तत्कालीन शेरबहादुर देउवा नेतृत्वको सरकारका तर्फबाट तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले एमसीसीमा सम्झौता गरेका थिए । तर, एमसीसीमा उल्लेख व्यवस्था संसदबाटै पारित गराउनुपर्ने प्रावधानका कारण नेकपामा चर्को विवाद भएको थियो ।





**प्रधानमन्त्री ओली जस्ताको त्यस्तै पारित गर्नुपर्ने, अर्का अध्यक्ष दाहाल पारित गर्न नहुने र बरिष्ठ नेता नेपाल संशोधनसहित पारित गराउने लाइनमा थिए ।**

नेकपामा सरकारमा रहने बाहेकका नेताहरुले एमसीसीको चर्को आलोचना गरेका थिए । विशेषगरी भीम रावल, लिलामणि पोखरेल लगायत नेताहरुले यो परियोजना पारित हुनुलाई राष्ट्रघातसँग तुलना गरेका थिए । तर, प्रधानमन्त्री लगायत शीर्ष सरकारका मन्त्रीहरुले भने संसदबाट पारित गर्नुपर्ने अडान लिदै आएका थिए ।

एमसीसीमा नेकपाभित्र विशेषगरी तीन धार देखिएको थियो । प्रधानमन्त्री ओली एमसीसी पारित गराउनुपर्ने पक्षमा थिए भने अर्का अध्यक्ष दाहाल अमेरिकी परियोजना पारित गराउन

बाँकी पृष्ठ २ मा

# वामदेव गौतम राष्ट्रियसभामा !

**नेकपाभित्रको शक्ति संघर्षमा सवैभन्दा बढी लाभ बामदेव गौतमलाई मिल्दै आएको छ । पार्टी संगठन विभाग प्रमुख र उपाध्यक्ष बनिसकेका गौतमलाई राष्ट्रियसभामा मनोनित गर्ने छलफल फेरि शुरू भएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० फागुन



नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र देखिएको आन्तरिक शक्ति संघर्षमा बामदेव गौतमले सवैभन्दा बढी लाभ उठाउँदै आएका छन् । पार्टीभित्र अध्यक्ष द्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल सँगै बरिष्ठ नेता माधवकुमार नेपाल बीच शक्ति टकराब हुँदा गौतमले लाभ लिदै आएका हुन् ।

नेकपाभित्र अहिले कस्तो परिस्थिति बनेको छ भने गौतम जता लाग्छन्, उतै निर्णायक हुने अवस्था बनेको छ । ओलीलाई तत्कालीन एमालेको अध्यक्ष बनाउन निर्णायक भूमिकामा देखिएका गौतम पार्टी एकीकरण प्रक्रियामा समेत सक्रिय र विश्वासनीय पात्र देखिए । उनकै जोडबलमा एमाले र माओवादी बीच एकीकरण संभव भएको जस गौतमलाई दिइदै आएको छ ।

त्यस यता ओलीलाई अप्ठ्यारो पार्न गौतम दाहाल र नेपालको गठबन्धनमा पुगेका छन् भने ओलीलाई एक्लौटी निर्णय गर्ने अवस्थामा साथ उनकै मिल्ने गरेको देखिन्छ । यही बीच गौतमले संगठन विभाग प्रमुख र उपाध्यक्ष पद प्राप्त गरेका छन् । गौतमलाई उपाध्यक्ष बनाउन नेकपाले विधान नै संशोधन गरेको छ । सचिवालयको प्रस्तावलाई माघ तेस्रो साता सकिएको केन्द्रीय कमिटीले अनुमोदन गरेपछि गौतम उपाध्यक्ष बने । त्यस अगाडि नै संगठन विभागको प्रमुख बनिसकेका थिए ।

ओली, दाहाल र नेपालकै समर्थन मिल्दा गौतम पार्टीभित्र शक्तिशाली देखिदै आएका छन् । यसबीच नेतृत्वलाई नै चुनौती हुनेगरी अभिव्यक्ति समेत दिदै आएका छन् । पाँच वर्ष स्थीर सरकार चलाइरहेका प्रधानमन्त्री ओलीकै बिकल्पका रुपमा समेत गौतमले बोलिदिए । अर्का अध्यक्ष दाहालले समेत पाँच वर्ष नै प्रधानमन्त्री चलाउन दिने सहमति गरिसकेका बेला गौतमले निर्धक्क प्रधानमन्त्रीको उम्मेद्वार नबने राष्ट्रियसभामा नजाने समेत बताए ।

बर्दिया-१ बाट नेपाली काँग्रेसका सञ्जयकुमार गौतमलाई पराजित उपाध्यक्ष गौतमले यसअगाडि उपनिर्वाचन मार्फत संसदमा छिर्न अनेक प्रयत्न गरेका थिए । डोल्पाका धनबहादुर बुढालाई राजीनामा गराएर

बाँकी पृष्ठ २ मा

# पशुपतिमा सजाइएको फूल चोरी

**महाशिवरात्रीमा दिनभर मानिस जुन फूलको सजावट अगाडि उभिएर फोटो खिचे । तर, भोलिपल्टै बिहान गायब थिए ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० फागुन

महाशिवरात्रिका लागि भन्दै पशुपतिनाथ मन्दिर अरु वर्षको भन्दा फरक तरिकाले सजाइएको थियो । लाखौं रकम खर्चेर पशुपतिलाई निकै रोचक बनाईको थियो । नांगा बाबा, साधु सन्तहरूमा ध्यान केन्द्रीत हुने भक्तजनहरूको नजर भने यसपाली सजावटमा परेको थियो । तर, त्यो सजावट एक दिन पनि टिक्न सकेन् ।

पशुपति क्षेत्र विकास कोषले पशुपतिनाथ मन्दिर र त्यस वरपरको क्षेत्रलाई फूलैफूलले सजाएको थियो । महाशिवरात्रीमा दिनभर मानिसहरु त्यही फूलको सजावट अगाडि उभिएर फोटो खिचे । रातभर पशुपतिमा तामझाम भयो । तर, भोलिपल्टै बिहान विरक्त लाग्दो दृष्य देखियो । सजाइएका फूलहरु गायब थिए । झण्डै दुई करोड खर्च गरेर फूलैफूलले सजाइएको पशुपति शनिवार बिहान हेर्दा त पुरानै अवस्थामा फर्किसकेको थियो । सजाइएका सबै फूल चोरिएपछि पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव डा. प्रदीप ढकाल विरक्तिए ।

बादरबाट कसरी जोगाउने होला भन्ने चिन्तामा रहेको कोष मान्छेबाटै चोरिएपछि नेपालीसँग केही गर्न नसकिने मनसायमा पुगेको छ । 'सजावट बाँदरबाट कसरी जोगाउने होला भन्ने चिन्ता थियो,' सदस्यसचिव डा. प्रदीप ढकाल भन्छन्, 'बाँदर चढ्न सक्ने ठाउँका फूल सुरक्षित छन्, मान्छेले भेट्न सक्ने ठाउँको फूल चोरी भएछ ।' फूलहरु थाइल्याण्ड, अष्ट्रेलिया, भारतलगायतका देशबाट ल्याइएको थियो । केही फूल भने भारतले निःशुल्क सहयोग गरेको थियो । पुशपतिनाथ मन्दिरको मुख्य प्रवेशद्वार नै फूलैफूलले बनाइएको थियो । जसमा आकर्षक ढंगले 'ओम नमः शिवाय' लेखिएको थियो । शिवलिंगदेखि शिवको बाहन साँढेसमेत फूलबाटै बनाइएको थियो । ठाउँठाउँमा गमलाहरुमा पनि फूल राखिएको

बाँकी पृष्ठ २ मा

# क्यानडा पठाउने भन्दै अवैध विज्ञापन

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० फागुन




आकर्षक वैदेशिक रोजगारीका नाममा अनधिकृत विज्ञापन गर्ने क्रम पुनः देखापरेको छ ।

युरोप तथा क्यानडाको आकर्षक रोजगारीका लागि अघिल्ला वर्षहरूमा प्रकाशित अनधिकृत विज्ञापन रोक्न वैदेशिक रोजगार विभाग र प्रहरीले सक्रियता बढाएका थिए । सरकारको सक्रियतापछि केही समय यो क्रम रोकिए पनि पुनः उस्तै प्रकृतिका विज्ञापन अखबारहरूमा देखिन थालेका छन् ।

हालै शिव पौडेल नामका एक व्यक्तिले क्यानडामा केयरगिभरको आकर्षक रोजगारी भन्दै राजधानीबाट एक राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशित गराएका छन् । वैदेशिक रोजगार विभागका महानिर्देशकसँगै मातहतको ताहाचलका कर्मचारी फेरबदलको मौका छोपेर पौडेलले राष्ट्रिय दैनिकमै नियमविपरीत विज्ञापन प्रकाशित गरेका हुन् ।

क्यानडाका लागि केयरगिभरको आवश्यकता भन्दै गत ९ गते शुक्रबार छापिएको विज्ञापनमा ८ जना केयर गिभरको माग गरिएको छ । त्यसमा ७ महिला र एक पुरुष कामदार आवश्यक रहेको उल्लेख छ ।

नर्सिङ, हेल्थ असिस्टेन्ट र फिजियो थेरापीमा प्रमाणपत्र तह उत्तीर्ण भई अंग्रेजी भाषाको अन्तरर्ाष्टिय परीक्षा (आईएलटीएस) मा कम्तीमा ५ अंक लिएको हुनुपर्ने विज्ञापनमा उल्लेख छ । आईएलटीएस नगरेकाहरूले पनि आवेदन गर्नसक्ने तर छनौट भएमा उनीहरूले आईएलटीएस परीक्षा पास गर्नुपर्ने सर्त राखिएको छ ।

आगामी मार्च २० तारेखसम्म आवेदन गर्न सकिने भन्दै विज्ञापनमा सम्पर्कसूत्रबारे जानकारी दिइएको छ । तर सम्पर्कका लागि साँझ ५ बजेदेखि राति ९ बजेसम्मको समय दिइएको छ । मध्यान्ह दैनिकले उक्त नंम्बरमा सम्पर्क गर्दा निरन्तर व्यस्त रहेको भन्दै सम्पर्क हुन सकेन ।

कानूनी प्रावधान के छ ?

वैदेशिक रोजगार ऐनको दफा १६ मा वैदेशिक रोजगारमा कामदार पठाउनु अघि अनिवार्य रूपमा छनौट गर्नुपर्ने व्यवस्था छ । ऐनमै वैदेशिक रोजगार व्यवसाय गर्न वैदेशिक रोजगार विभागबाट इजाजतपत्र लिनुपर्ने स्पष्ट व्यवस्था छ । यसरी विज्ञापन गर्दा इजाजतपत्र नंम्बरसमेत उल्लेख हुनुपर्ने प्रावधान छ । तर क्यानडाको केयर गिभरको विज्ञापन प्रकाशित गराएका पौडेलले इजाजतपत्र नंम्बर उल्लेख गरेका छैनन् ।

वैदेशिक रोजगार ऐन २०६४ को दफा १६ मा वैदेशिक रोजगारीमा कामदार पठाउनुअघि वैदेशिक रोजगार विभागबाट पूर्वस्वीकृति लिएर विज्ञापन प्रकाशन गर्नुपर्ने व्यवस्था छ ।

ऐनको दफा १६ मा दफा १५ बमोजिम स्वीकृतिप्राप्त भएपछि इजाजतपत्रवालाले तोकिएबमोजिमको विवरण खुल्नेगरी कामदार छनौट गर्न नेपाली भाषामा प्रकाशन हुने कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा सात दिनको म्याद दिइ विज्ञापन प्रकाशन गर्नुपर्ने र प्रकाशित विज्ञापनको सूचना सम्बन्धित इजाजतपत्रवालाले आफ्नो कार्यालयको सूचना पाटीमा टाँस गरी सो सूचनाको एक प्रति सोही दिन विभागसमक्ष

बाँकी पृष्ठ २ मा

आवश्यकता
रिसेप्सनिष्ट : २ महिला/पुरुष
+2 Pass
पी.आर.ओ. : २ महिला/पुरुष
मेनेजर : २ महिला/पुरुष
+2 Pass
को-अर्डिनेटर अफिसर : २ महिला/पुरुष
फ्यूचर स्टार म्यानपावर प्रा. लि.

UAE मा नेपाली लाईसेन्स भएका Taxi Driver हरुलाई रोजगारको अवसर
कम्पनी: CARS TAXI LLC. शहर: UAE
L.T. No.: 233095
नेपाली लाईसेन्स भएकाहरुलाई UAE लाईसेन्स ग्यारेन्टी गरिन्छ ।
1. Taxi Driver 100 0 1500
(23 & 24 Feb. 2020) मा
(25 Feb. 2020) मा हुनेछ ।
१. उमेरको हकमा २३ वर्ष देखि ४५ वर्ष सम्मको हुनुपर्ने छ ।
२. Driver हरुले कम्तिमा मासिक AED 4000/- देखि AED 5000/- सम्म कमाउन सक्नेछन ।
ह्वाइट पर्ल रिक्रुटमेन्ट सर्भिसेज प्रा.लि.

## कोरोना भाइरस प्रकोपले


# दरबार हाइस्कुल हस्तान्तरणमा ढिलाइ

**शर्मिला पाठक/रासस**
काठमाडौं, १० फागुन

चीनबाट फैलिएको कोरोनाभाइरस प्रकोपका कारण रानीपोखरीस्थित ऐतिहासिक दरबार हाइस्कुल (भानु माध्यमिक विद्यालय) को पुनःनिर्माणको काम सकिए पनि हस्तान्तरणमा ढिलाइ भएको छ।

स्कुलको पुनःनिर्माण सके पनि चिनियाँ सरकारी टोली उक्त स्कुलको अनुगमन गर्न आउनुपर्ने भएको हुँदा हस्तान्तरणमा ढिलाइ भएको हो। चीनको वुहानबाट शुरु भएको कोरोनाभाइरस प्रकोपका कारण अनुगमन टोली आउन समस्या भएको छ। माघको पहलो साता नै निर्माण सम्पन्न भइसकेको स्कुल प्रकोप नियन्त्रण भई मानिस आवतजावतमा सहज भएसँगै नेपाल सरकारलाई हस्तान्तरण गर्ने तयारी छ।

आवरणमा पुरानै 'दरबार हाइस्कुल' हो, कि जस्तो लागे पनि आधुनिक निर्माण सामग्री प्रयोग गरी माघको पहिलो साता नै निर्माण सम्पन्न भइसकेको थियो। निर्माण कार्य पूरा गरे पनि निर्माण कम्पनीका पदाधिकारीले एकपटक अनुगमन गर्नुपर्ने र उनीहरू कहिले आउने भन्ने विषय यकिन नभएकाले हस्तान्तरणको विषय अन्योलमा परेको हो। अनुगमन टोली माघको तेस्रो साता आउने कार्यतालिका रहे पनि कोरोनाभाइरस प्रकोपका कारण अन्योलमा परेको छ। भूकम्पपछि शुरु गरिएको पुनःनिर्माणको काम सकेर आँगन सफा गर्ने र झ्याल




ढोका पुछ्ने काम गरी थप चिटिक्क बनाउने कार्य पनि सकिसकेको छ।

भूकम्पका कारण पूर्णरूपमा क्षति भएपछि आधुनिक निर्माण सामग्री प्रयोग गरी निर्माण भएको सो विद्यालय पहिले जस्तै नै देखिन्छ। चीन सरकारको पूर्ण सहयोगमा निर्माण गरिएको उक्त भवनको ठेक्का चिनियाँ कम्पनी साङ्घाई कन्स्ट्रक्सनले लिएको छ। शुरुको समयदेखि १९ महिनामा सक्ने गरी चीन र नेपालका गरी दैनिक १०० कामदारले काम गरी सम्पन्न गरेका हुन्। रु ८५ करोडको लागतमा नौ रोपनी जमिनमा निर्माण गरिएको सो विद्यालय भवन चारतले र ४० कक्षाकोठाको छ।

उक्त भवनको नमूना 'चाइना एभिएसन प्लानिङ एण्ड डिजाइनिङ इन्स्टिच्युट'ले गरेको हो। निर्माण व्यवस्थापक राजेन्द्र केसीले निर्माण शुरु भएको १९ महिनामै नेपाल सरकारलाई भवन हस्तान्तरण गर्ने गरी काम सम्पन्न गरिएको बताए। 'कोरोनाभाइरस प्रकोप सकिएपछि सरकारलाई हस्तान्तरण हुन्छ,' उनले भने।

विसं २०७२ मा भूकम्पले पूर्णरूपमा क्षति पुऱ्याएको उक्त हाइस्कुलको पुनःनिर्माणको शिलान्यास २०७५ साउन १८ गते गरिएको थियो। विसं १९१० मा राणाका छोराछोरी पढाउन तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाको पालामा सो विद्यालय स्थापना गरिएको थियो। विसं १९६४ मा संस्कृत पढ्नका लागि मात्र सर्वसाधारणका छोराछोरीलाई पनि खुला गरिएको सो विद्यालयमा विसं २०४८ देखि अन्य विषय पनि पढ्न पाउने व्यवस्था गरिएको थियो। विसं २०३० मा राष्ट्रिय शिक्षा पद्दति ऐन लागू भएपछि उक्त विद्यालय जिल्ला शिक्षा कार्यालयमार्फत सञ्चालन हुँदै आएको छ।

शुरुमा निर्माण गर्दा माटो, इँटा, सुर्की र चुना प्रयोग भएकामा मर्मतमा भने सिमेन्ट प्रयोग गरिएको थियो। दरबार हाइस्कुलको पुनःनिर्माणले त्यस आसपासलाई पनि सुन्दर बनाएको छ। सो विद्यालयमा अध्ययन गर्ने विद्यार्थी संख्यामा भने कमी छ। पुरानो विद्यालय भए पनि पछिल्लो समय पहिले जतिको महत्व अहिले नभएको विद्यालयले स्वीकारेको छ। पहिले सम्पन्न परिवारका छोराछोरी अध्ययन गर्दै आए पनि पछिल्लो समय श्रमिकका छोराछोरी मात्र विद्यालयमा अध्ययन गर्न आउने गरेका संस्कृत माविका प्राध्यापक बद्री दाहाल बताउँछन्।


भूकम्पअघि उक्त भवनमा भानु मावि र संस्कृत मावि दुवै सञ्चालित थिए। हाल ती दुवै विद्यालयमा गरी ३०० मात्र विद्यार्थी अध्ययनरत छन् भने ३५ शिक्षक कार्यरत छन्। ती विद्यार्थीलाई अहिले वाल्मीकि विद्यापीठको खाली स्थानमा टहरा बनाएर पठनपाठन गराइएको छ। लामो समय काठमाडौं महानगरपालिका र पुरातत्व विभागबीच नक्सा पासका विषयमा कुरा नमिलेकाले भूकम्प गएको तीन वर्षपछि मात्रै पुनःनिर्माणको काम शुरु भएको थियो।

पछिल्लो समय सरकारले स्थानीय तहलाई जिम्मा दिने गरी दरबन्दी मिलान, विद्यार्थी र शिक्षक संख्याका आधारमा एकापसमा विद्यालय गाभ्ने विषयलाई उच्च प्राथमिकताका साथ काम गरिरहेको छ। शिक्षकको संख्याका आधारमा विद्यार्थी अनुपात सो विद्यालयमा पनि कम छ। एउटा मावि विद्यालय सञ्चालन हुनका लागि ग्रामीण क्षेत्रका प्रत्येक कक्षामा ४० र शहरमा ५५ विद्यार्थी रहनुपर्ने कानूनी मान्यता छ।

चिनियाँ सरकारसँग भूकम्पका कारण अति प्रभावित १४ जिल्लाका एक/एक र अन्य तीन जिल्लामा गरी १७ विद्यालय निर्माण गर्ने सहमति भएको थियो। भूकम्पका कारण सात हजार ५०० विद्यालयमा क्षति पुगेको थियो।

## बाँस्कोटा अडियो प्रकरणमा

# छानविन हुन्छ : देव गुरुङ



**काठमाडौं/मस-** सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का संसदीय दलका प्रमुख सचेतक देवप्रसाद गुरुङले गोकुलप्रसाद बाँस्कोटाको अडियो प्रकरणले गम्भीर अवस्था ल्याएको भन्दै यसलाई दुःखद परिघटनाको रुपमा चित्रण गरे। उनले भने, 'सरकार र राज्यको तर्फबाट यस विषयमा गम्भिरतापूर्वक छानबिन हुन्छ। छानबिन भएर कति घोटाला भएको हो या होइन ? के हो ? भन्ने विषयमा गम्भिरतापूर्वक छानबिन हुन्छ। र, दोषीउपर कानूनसम्मत ढंगले आवश्यक कारबाही प्रक्रिया पनि अघि बढ्नुपर्छ भन्ने लाग्छ।'

शनिबार रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको साक्षात्कारमा बोल्दै प्रमुख सचेतक गुरुङले बाँस्कोटाको अडियो प्रकरणमात्रै अहिले बाहिर आएकोले यत्तिकै आधारमा कति दोषी हो ? भनेर एकिनका साथ भन्न नसकिने स्पष्ट पारे। उनले भने, 'तर, आशंकाका संकेतहरु देखिएका छन्। विस्तृत रुपमा यसबारेमा छानविन गर्न आवश्यक छ।'

सेक्युरिटी प्रिन्टिङ प्रेस जिटुजी अर्थात सरकार-सरकारबीच सम्झौता गरेर त्योसम्बन्धी खरिद गर्ने कुरा बुझिएको सुनाउँदै गुरुङले सरकारले ग्लोबल टेण्डरबिना कुनै कम्पनीसँग मात्रै सम्झौता गरेर खरिद गर्ने प्रक्रिया कति उपयुक्त वा अनुपयुक्त भन्दै यो नीतिगत रुपमा पनि पूर्नविचारको विषय भएको बताए।

उनले भने, 'कानूनी रुपमा ग्लोबल टेण्डरको प्रक्रियाअनुसार जानुपर्ने थियो भन्ने देखिन्छ। तर, पनि कुनै एउटा सर्टेन कम्पनीसँगमात्रै एग्रिमेन्ट गरेर जाने खालको जुन ट्रेण्ड देखिरहेको छ, त्यसले पनि केही न केही प्रश्नहरु उठेको अवस्था हो। त्यही प्रश्नहरु उठेको हुनाले संसदको सार्वजनिक लेखा समितिमा यो छलफल भएको अवस्था हो। यो अहिले अध्ययनकै क्रममा छ। यही क्रममा यो अडियो प्रकरण अगाडि आएको छ।'

नीतिगत कुरा संसदीय समितिले हेर्ने र निवर्तमान मन्त्री बाँस्कोटाबाट कति गल्ती वा भ्रष्टाचार भएको हो या होइन भन्ने कुरा चाहीँ कानूनी रुपमा हेर्ने वा छानबिन हुनुपर्ने उनको भनाइ छ। उनले भने, 'कानूनी रुपमा मलाई लाग्छ अख्तियार दुरुपयोग अनुशन्धान आयोगकै प्रक्रियाबाट सायद सहज हुनेछ भन्ने लाग्छ। त्यो ढंगले आवश्यक छानबिन गरेर यस प्रकारका भ्रष्टाचारीसँग जोडिएका केशहरुको विरुद्धमा सरकार उत्रिएको छ, र कुनेपनि भ्रष्टाचारलाई छुट दिनुहुँदैन् भनेर सम्माननीय प्रधानमन्त्रीज्यूले भनिरहनुभएको छ। भ्रष्टाचार नियन्त्रण गर्ने कुरामा सरकार दृढ छ। त्यसलाई त्यही रुपमा अघि बढाउनुपर्छ। यो केशको सवालमा पनि उपयुक्त छानबिन गरेर दोषीउपर आवश्यक कारबाही प्रक्रिया अघि बढ्नेछ भन्ने कुरा म विश्वास दिलाउन चाहन्छु।'

गुरुङले एमसीसीको विषयमा टिप्पणी गर्दै नेपालले आर्थिक सहायता लिने दिने यो चलिरहने प्रक्रिया भएको बताए। तर, एमसीसीमा गलत शर्तहरु थुपारिएको उनको भनाइ छ। उनले भने, 'त्यसले गर्दा उही रुपमा यसलाई एक्सेप्ट गर्न नसकिने अवस्था छ।'

उनले विभिन्न दस्तावेज र अमेरिकी अधिकारीहरुको भनाइले पनि एमसीसी चाहीँ ईण्डो प्यासिफिक स्ट्राटेजीकै अंग भएको कुरा पुष्टि गरेको सुनाए। तर, नेपाल कुनैपनि सैन्य गठबन्धनमा सहभागी हुन नसक्ने उनले स्पष्ट पारे।

एमसीसीबारे नेकपाले कार्यदल गठन गरेर गम्भिर रुपमा छलफल गरेर रिपोर्ट तयार पारेर पार्टी नेतृत्वलाई प्रतिवेदनसमेत बुझाएको उनले जनाए। उनले भने, 'शुक्रबारमात्रै कार्यदलले प्रतिवेदन बुझाइसकेको छ। पार्टीमा यो प्रवेश हुनेछ। यसबारेमा गम्भिरतापूर्वक छलफल हुनेछ। आवश्यकताअनुसार कार्यदलको रिपोर्टपनि सार्वजनिक गर्नेछौं भनेर कुरा आएको छ।' उक्त सम्झौताबारे पार्टीले आवश्यक परिमार्जन गरेर नै अघि बढ्ने उनको भनाइ छ।

# एम्नेष्टीद्वारा मानवअधिकारवादीलाई 'क्षमता अभिवृद्धि तालिम'

**सुर्खेत/मस-** एम्नेष्टी इन्टरनेशनल नेपालले मानवअधिकारको क्षेत्रमा कार्यरतहरुलाई 'क्षमता अभिवृद्धिसम्बन्धी तालिम' प्रदान गरेको छ। एम्नेष्टी इन्टरनेशनल नेपालले शनिबार कर्णाली प्रदेशको राजधानी सुर्खेतमा मानवअधिकारसम्बन्धी काम गर्ने सुर्खेतका लयर्स समूह-६९, समूह-२, काक्रेबिहार र वीरेन्द्रनगर नेटवर्कसँग आबद्ध १२० सदस्यलाई तालिम प्रदान गरेको हो।

एम्नेष्टी, मानवअधिकारका बारेमा स्पष्ट जानकारी गराउने र सो सन्देश स्थानीय नागरिकसम्म पुऱ्याउने उद्देश्यले तालिमको आयोजना गरिएको एम्नेष्टी इन्टरनेश्नल लयर्स समूह ६९ सुर्खेतका सहसचिव कर्णबहादुर खड्काले जानकारी दिए। तालिममा एम्नेष्टीले विश्वभरी निर्वाह गरिरहेको विशेष कार्यभार, नेपालमा सञ्चालन गरिएका गतिविधि, यसले के गर्न हुन्छ र के गर्न हुँदैन भन्नेबारेमा बताइएको सहसचिव खड्काले बताए। काक्रेबिहार नेटवर्कका अर्जुन तिमिल्सिनाले मानव जीवनमा हुने गल्तीलाई प्रथमतः सच्याउन मौका दिनुपर्ने र मानवअधिकारको हनन् हुन नदिन सबै क्षेत्रले जिम्मेवार भूमिका खेल्नुपर्नेबारे सूचित भएको बताए।

वीरेन्द्रनगर युथ नेटवर्कका शुभेच्छा शाहीले तालिमबाट मानवअधिकार सुनिश्चितताका लागि हरेक राज्यले पूरा गर्नुपर्ने दायित्व, समाजमा जन्मने हरेक नागरिकले पाउनुपर्ने सम्मान र अधिकार सुनिश्चितार्थ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डबारे जानकारी पाइएको बताए। एसओएस बालग्राम सुर्खेतमा १० कक्षामा अध्ययनरत शाहीले यो तालिमबाट दुःखमा परेकाको उद्धार र हिंसामा परेकालाई सहयोग गर्ने प्रेरणासमेत मिलेको प्रतिक्रिया दिए।

उक्त तालिममा एम्नेष्टीका राष्ट्रिय बोर्ड सल्लाहकार प्रदीप पोखरेल, राष्ट्रिय बोर्ड निर्देशक निराजन थपलिया, संयोजक विक्रम ढुकुचुलगायतले दोस्रो विश्वले पारेको प्रभाव, राष्ट्रसंघको स्थापना, अन्तर्राष्ट्रिय श्रम संगठन, सहभागीलाई मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, महिला तथा बालबालिकासम्बन्धीका महासन्धिलगायत विभिन्न विषयवस्तुमा प्रशिक्षण दिएका थिए।

## देशमा नीतिगत भ्रष्टाचार मौलाएको छ : अध्यक्ष थापा



**धनगढी/मस-** राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले देशमा नीतिगत भ्रष्टाचार मौलाएको आरोप लगाएका छन्। शनिबार धनगढीमा आयोजित पत्रकार सम्मेलनमा उनले आमूल परिवर्तनको नारा भ्रष्टाचारमा मात्र सिमित भएको बताए।

अध्यक्ष थापाले भने, 'लोकतन्त्रको आवरणमा अहिले देशमा भ्रष्टाचार व्याप्त छ, अहिलेको देशको ठूलो चुनौती नै भ्रष्टाचार हो।' देशमा संस्थागत र नीतिगत रुपमै भ्रष्टाचार भइरहेकाले यसलाई रोक्न जनता जाग्ने बेला आएको उनको भनाइ थियो।

एमसीसीबारे पत्रकारको जिज्ञासामा उनले सबै राजनीतिक दलको सहमतिमा तयार पारिएको सम्झौता भएको भन्दै यसलाई पारित गरी कार्यान्वयनमा ल्याउनु सबैको जिम्मेवारी रहेको बताए। एमसीसी नेपालको हितमा रहेकाले यसमा विवाद गर्नुको औचित्य नरहेको उनको भनाइ थियो। आफ्नो पार्टीको एजेन्डा हिन्दू राष्ट्र र राजसंस्थासहितको लोकतन्त्र रहेको उल्लेख गर्दै अध्यक्ष थापाले अब संगठन विस्तारको अभियानमा अघि बढ्ने बताए।

# व्यवसायी महतलाई मातृशोक

**पोखरा/मस-** वैदेशिक रोजगार व्यवसायी मदनकुमार महतलाई मातृशोक परेको छ। ललितपुरको पाटनढोकास्थित हिमालयन जब एक्सप्लोरर प्रालिका सञ्चालक एवं नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वउपाध्यक्ष महतकी आमा धनकुमारी महतको ८६ वर्षको उमेरमा फागुन २ गते निधन भएको हो।



मस्तिष्कघातबाट पीडित धनकुमारीलाई मणिपाल अस्पतालमा लगिएको थियो। त्यही उपचारका क्रममा उनको निधन भएको पारिवारिक स्रोतले जनाएको छ। स्वर्गीय महतका ३ छोरी र २ छोरा छन्।

# ट्याक्टरको ठक्करबाट मृत्यु

**नेपालगञ्ज/मस-** नेपालगञ्जमा ट्याक्टरको ठक्करबाट शनिबार एक वृद्धको मृत्यु भएको छ। लु३त ५४३२ नंको ट्याक्टरले नेपालगञ्ज उपमहानगरपालिका-११ मा सडकमा हिंड्दै गरेका पैदलयात्री ९० वर्षीय साजिर जसगढलाई ठक्कर दिँदा मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेका प्रमुख प्रहरी निरीक्षक पविन्द्रकुमार बमले जानकारी दिए।

उनका अनुसार ट्याक्टरको ठक्करबाट घाइते जसगढलाई उपचारका लागि भेरी अस्पताल लैजाने क्रममा मृत्यु भएको हो। ठक्कर दिने चालक र ट्याक्टरलाई बाँके प्रहरीले नियन्त्रणमा लिएको छ। नेपालगञ्जमा ट्राफिक व्यवस्था अव्यवस्थित हुँदै जाँदा सडक दुर्घटना बढ्दै गएका छन्। नेपालगञ्ज उपमहानगरपालिकाका प्रवक्ता प्रमोद रिजालले ट्राफिक प्रहरी, जिल्ला प्रहरी कार्यालयसँग समन्वय गरेर नगरभित्र यातायात व्यवस्था सुदृढ गर्न लागिएको बताए।

# 'देशबाहिर नेपालको क्षमता र योग्यता पुग्ने विश्वास'

**विराटनगर/मस-** उद्योग संगठन मोरङको अगुवाइमा विराटनगरको मुनालपथमा सञ्चालित विराट एक्स्पो २०७६ कृषि तथा औद्योगिक अन्तरराष्ट्रिय प्रदर्शनीको शनिबार समापन भएको छ। फागुन २ गतेबाट शुरु भएको सो एक्स्पोमा रु एक अर्बभन्दा बढीको कारोवार भएको र प्रर्दशनीमा नेपाल भारत, बङ्गलादेश र पाकिस्तानका करिब ३४० कक्ष राखिएको थियो। कृषि उत्पादनदेखि अटो पार्टस, मोबाइल्स, खाद्य सामग्री, पाकिस्तानी लत्ताकपडा, पहाडी क्षेत्रमा उत्पादन हुने अल्लो कपडा, कृषि औजार, मोटरसाइकल जस्ता सामग्री प्रर्दशनी एवं बिक्रीमा राखिएको थियो।

तीन लाखभन्दा बढी उपभोक्ता सहभागी भएको मेलामा हुन्डाइ कम्पनीको पाँच वटा गाडी बिक्री भएको थियो। पायोनियर प्रालिको डिलरले रु २६ लाख मूल्य बराबरको गाडी, टिभिएसका सन्जीव पोखरेलले रु सात लाख ८० हजार मूल्य बराबरको मोटरसाइकल बिक्री गरेको थियो।

विसं २०५३ देखि यस क्षेत्रमा काशी महोत्सवबाट शुरु भएको प्रदर्शनीको महत्व बढ्दै गएपछि विराटनगर क्षेत्रमा औद्योगिक पर्दशनी केन्द्रको निर्माण हुनुपर्ने उद्योगीले माग गर्दै आएको छ। यसमा प्रदेश सरकार, विराटनगर महानगरपालिका र उद्योग सङ्गठन मोरङ तथा मोरङ व्यापार सङ्घले साझेदारी गर्ने भएको छ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकालले प्रदर्शनीले देश र देशबाहिर नेपालको क्षमता, दक्षता तथा योग्यता पुऱ्याउन मद्दत गर्ने बताएका छन्। उनले यस किसिमको प्रदर्शनीले उपभोक्ता एवं उद्योगीलाई उत्साहित बनाउने तर्क गर्दै राजनीतिक अस्थिरतामा आफ्नो भविष्य खोज्नेबाट देशको विकास नहुने बताए।

मन्त्री ढकाले कोशी अस्पतालको स्तरोन्नति गर्न सङ्घीय सरकारले स्पष्ट दृष्टिकोणसाथ अघि बढ्ने भन्दै अस्पतालमा काम राम्रो नगर्ने र क्लिनिकमा गएर सेवा प्रदान गर्ने चिकित्सकलाई नियमन गर्ने बताए। अस्पताललाई उन्नत र राम्रो बनाउने मेरो पनि चाहना भएको भन्दै मन्त्री ढकालले जनताका सेवामा समर्पित रहन पेशाकर्मी एवं राजनीतिक दलका प्रतिनिधिलाई आग्रह गरे।

विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीले गरिब एवं विपन्न परिवारको उपचार गर्ने हिसाबले कोशी अस्पताललाई शिक्षण अस्पताल बनाउन माग गरे। उद्योग सङ्गठन मोरङका अध्यक्ष भीम घिमिरेले निजी क्षेत्रले सरकारको हरेक क्रियाकलापमा साथ दिइरहेकोले निजी क्षेत्रको उत्थानका निम्ति सरकार उदार भएर आउनुपर्ने बताए। मोरङ व्यापार सङका अध्यक्ष प्रकाश मुन्दडाले प्रदर्शनीले उपभोक्ता एवं उद्योगी र व्यापारीबीच विश्वासको वातावरण सिर्जना गर्न मद्दत गरेको चर्चा गरे।

### वामदेव...

उपनिर्वाचन लड्ने देखि काठमाडौं -७ बाट निर्वाचन लड्न रामबीर मानन्धरलाई राजीनामा गराउने खेल समेत भयो। त्यही बीच कास्की-३ मा गएको मंसिर १४ गते सम्पन्न उपनिर्वाचनमा उम्मेद्वार बन्ने चर्चा समेत भयो। तर, गौतमले नै उम्मेद्वार नबन्ने बताए।

माघ ९ गते सकिएको राष्ट्रियसभा निर्वाचन पार्टीले आग्रह गरेपनि गौतमले निर्वाचन लडेनन्। जित्ने निश्चित भएको निर्वाचनमा उम्मेद्वार नबनेका उपाध्यक्ष गौतम अहिले फेरि राष्ट्रियसभामा जानेबारे छलफल शुरु भएको छ। शुक्रबारको सचिवालय बैठकमा गौतमलाई मनोनित गरेर राष्ट्रियसभामा लैजानेबारे छलफल भएको स्रोतले जनाएको छ। तर, निर्णय भने भएको छैन।

### क्यानडा...

पेस गर्नुपर्ने व्यवस्था छ।

ऐनले इजाजतबिना वैदेशिक रोजगारमा कामदार पठाउने परिकल्पना गरेको छैन। कसैले इजाजतबिनै पठाएमा कडा सजाय हुने व्यवस्था छ। ऐनको दफा १० मा इजाजतपत्रसम्बन्धी व्यवस्था र दफा ४३ मा दण्ड सजायसम्बन्धी प्रावधान छ।

इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा कसैलाई वैदेशिक रोजगारमा लगाई दिन्छु भनी झुट्टो आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारीमा लगाई दिने उद्देश्यले कुनै रकम लिएमा वा विदेश पठाएमा त्यसरी लिएको रकम र सोको ५० प्रतिशतले हुने रकम हर्जनाबापत असुल गर्ने सजाय तोकिएको छ। यतिमात्रै होइन, यस्तो गलत कार्य गर्ने व्यक्तिलाई विदेश जान र आउन लागेको खर्चसमेत भराई निजलाई तीन लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म क्षतिपूर्ति दिने व्यवस्था छ। यस्ता अनधिकृत कार्य गर्नेलाई ३ देखि सात वर्षसम्म कैद हुने प्रावधान छ। विदेश पठाइ नसकेको भए त्यसको आधा सजाय हुने व्यवस्था छ।

विगतमा राजधानी र विशेष गरी पूर्वी तराईका जिल्लाहरूमा यस प्रकारका अनधिकृत विज्ञापन हुने गरेको थियो। वैदेशिक रोजगार विभागले वैदेशिक रोजगार ऐन र नियमावलीविपरीत विज्ञापन प्रकाशन नगर्न प्रकाशन गृहहरूलाई सचेत गराउँदै आएको थियो। विभागले गत कात्तिकमा एक सूचना जारी गर्दै विभागबाट स्वीकृति नलिई केही पत्रपत्रिकामा आकर्षक तलव सुविधासहितका विज्ञापन प्रकाशित गरेर वैदेशिक रोजगारीमा जान चाहने कामदारहरूमाथि भ्रम परेको जनाएको थियो।

### नेकपामा...

नहुने पक्षमा थिए। दाहाल लगायत तत्कालीन माओवादी पक्षधर नेताहरुमा अमेरिकालाई हेर्ने दृष्टिकोण पुरानै अर्थात् पारित गराउन नहुने पक्षमा थिए। बरिष्ठ नेता एवम् पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल भने एमसीसी संशोधन सहित पारित गराउनुपर्ने पक्षमा थिए। उनले अमेरिकी राजदूतसँग समेत यसबारे धेरै छलफल गरिसकेका छन्। नेकपा विदेश विभाग प्रमुख नेपालकै नेकपामा हाबी भएको छ। नेकपामा यसअगाडि पनि पार्टीको आन्तरिक शक्ति समीकरणले राष्ट्रिय राजनीति प्रभावित देखिदै आएको छ।

### पशुपतिमा...

थियो। तर मानिसहरुले भुइँमा राखिएका गमलादेखि झुण्डाएर राखिएका फूलसमेत चोरेर लगे। बाँदरबाट जोगिए पनि मानिसबाट फूल नजोगिएकामा पशुपति क्षेत्र विकास कोषका अधिकारीहरु चिन्तित छन्। यस वर्षको महाशिवरात्रिमा १२ लाख बढी दर्शनार्थीले पशुपतिनाथको दर्शन गरेका छन्। पशुपति क्षेत्र विकास कोषका अनुसार विगतका वर्षभन्दा यो पटक बढी भक्तजनहरूले दर्शन गरेका छन्। गत वर्ष १० लाख बढीले दर्शन गरेका थिए।

सजावटका लागि राखिएका समाग्री चोरी भएको यो पहिलो घटना भने होइन्। यसअघि चिनियाँ राष्ट्रपति सी चिनफिङ नेपाल भ्रमणमा आएको बेला तीनकुनेको सडकमा सजाइएका फूल र दुबो नै चोरी भएको थियो। त्यसपछि सशस्त्र प्रहरीले तीनकुने पार्कको सुरक्षा प्रदान गरेको थियो।

### प्रधानमन्त्री ओलीको पुस्तक 'भिजन टु एक्सन' सार्वजनिक

# 'अरुको बिगारेर आफु सप्रिने होइन'

**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीको पुस्तक 'भिजन टु एक्सन' सार्वजनिक भएको छ। शनिबार बालुवाटारमा राष्ट्रकवि माधवप्रसाद घिमिरे र शताब्दी पुरुष सत्यमोहन जोशीले उक्त पुस्तक विमोचन गरे। आफ्नो ६९ औं जन्मदिनको अवसरमा ओलीले पुस्तक सार्वजनिक गरेका हुन्।

पुस्तकमा विकास र समृद्धिका विषयबस्तु समेटिएका छन्। प्रधानमन्त्री ओलीले देश विकाससँगै समृद्ध नेपाल, सुखी नेपालीको सपना कार्यान्वयन गर्नेगरी पुस्तकमा मुख्य चार योजना समेटेको जानकारी दिए। कल्पना र कार्यान्वयन, मित्रता र कुटनीती, व्यापार र लगानी तथा काम र श्रम जस्ता विषय पनि पुस्तकमा समेटिएका छन्।




कार्यक्रममा ओलीले नेपालमा सबैथोक रहेको तर योजनालाई कार्यान्वयन गर्नु नै अहिलेको मुख्य आवश्यकता रहेको बताए। उनले नेपालमा रहेका प्राकृतिक स्रोतहरुको अधिकतम उपयोग गर्दै मुलुकको विकास गर्नुपर्ने धारणा राखे। प्रधानमन्त्री ओलीले सामाजिक न्याय र समानतासहितको समृद्धिलाई पूर्णता दिन अब कसैले रोक्न नसक्ने बताए। सरकारले आश्चर्यजनकरुपमा धेरै विकासका काम अघि बढाइरहेको दाबी गर्दै बाटो, पुल निर्माण, ऊर्जाको विकासलगायतका क्षेत्रहरुमा सरकारले सफलता हासिल गरेको उनको भनाइ थियो।

प्रधानमन्त्री ओलीले अहिलेको सरकारले एकदिनमा लगभग ६ किलोमिटर बाटो कालोपत्रे गरिरहेको बताए। दुई वर्षमा साढे तीन सय पुल निर्माण भएको, उर्जा उत्पादनमा असाधारण तीव्रताका साथ वृद्धि भएको र बचतमा पनि वृद्धि भएको उनले बताए।

उनले नेपालमा दीगो विकासका सम्भावनाहरु पर्याप्त रहेपनि केही सामाजिक र राजनीतिक अव्यवस्थाहरु बाधक बन्न पुगको उल्लेख गरे। प्रधानमन्त्री ओलीले दुई छिमेकी राष्ट्र भारत र चीनबीच नेपालको सम्बन्ध अत्यन्तै घनिष्ट रहेको भन्दै कूटनीतिक सम्बन्धहरु पारस्परिक लाभको आधारमा गरिने सरकारको रणनीति रहेको बताए।

प्रधानमन्त्री ओलीले सन्तुलित छिमेक नीति नेपालको समृद्धिको आधार भएको बताए। दुई ढुंगाबीचको तरुल भनेर नकारात्मक ढंगले भन्दा छिमेकीहरुबीचको सम्बन्ध सन्तुलित बनाएर समृद्धि हासिल गर्न सकिने उनले बताए। समृद्धिका लागि सन्तुलित, प्रभावकारी र उचित छिमेक सम्बन्ध र वैदेशिक सम्बन्ध विकास गर्न आवश्यक रहेको उनले बताए। दुबै छिमेकी देशहरुका राजनीतिक, आर्थिक र सामाजिक प्रवृतिमा भिन्न भएपनि सम्बन्धमा सन्तुलन राख्न सकिने प्रधानमन्त्री ओलीले उल्लेख गरे।

प्रधानमन्त्री ओलीले अस्वस्थ प्रतिस्पधालाई हटाएर अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता रहेको समेत बताए। अरुलाई आफुभन्दा निच देखाएर ठूलो हुन नसकिने बताउँदै उनले भने, 'अर्काको कापी च्यातेर आफु अगाडि हुने होइन। अरुको भन्दा राम्रो लेखेर बढी नम्बर ल्याउने विद्यार्थीले उन्नती गर्छ। अरुको बिगारेर आफु सप्रिने होइन। अरुलाई पनि सप्रिन मद्दत गर्ने र आफु पनि सप्रिने बाटो हामीले लिनुपर्छ।' देशमा विकासका सबल सम्भावनाहरु रहेको उल्लेख गर्दै उनले जस्तोसुकै संकट आएपनि नडगमगाउने अर्थतन्त्र निर्माण गर्न सकिने बताए।

# सांसद् कोटाबाट निर्मित शौचालयको बिचल्ली

**सहबान अन्सारी/मध्यान्ह**
नवलपराली, १० फागुन

नवलपरासीको साविक गुठी परसौनी २०७२ साल जेष्ठ ६ गते खुला दिशा मुक्त गाविस घोषणा भयो। तर अहिले पनि यहाँका हजारौं मानिसहरु दिसा-पिसाब गर्न खुला ठाउँमा जान बाध्य भएका छन्। भारतबाटसमेत दिनहुँ हजारौं मानिसहरुको आवत जावत हुने प्रतापपुर गाउँपालिकाको मुख्य नाका गुठी परसौनी नाका मानिन्छ। तर दिनहुँ हजारौं मानिसहरुको लागि शौचका लागि दु:खदायी बन्दै गएको उक्त बजारमा शौचालयको उचित संरक्षण तथा व्यवस्थापन हुन नसक्दा स्थानीयको साथै आवत जावत गर्ने हजारौं यात्रीहरुले निकै कठिनाई भोग्नु परेको छ।

विशेष गरी मुख्य बजार तथा मुख्य नाकाको रुपमा चिनिने उक्त स्थानमा यात्री तथा स्थानीयको सहजका लागी आर्थिक वर्ष २०७२/७३ मा सांसद् कोटाबाट करिब ५ लाख रुपैयाँ अनुदान रकमबाट सार्वजनिक प्रतिक्षालयसँगै शौचालय निर्माण भएको थियो। तर उचित संरक्षण विना नै प्रयोग भई रहेपछि दिनहुँ बजार दुर्गन्धित बन्दै गएको स्थानीयहरुले गुनासो गरेका छन्।




करिब दुई सय भन्दा बढीको संख्यामा व्यापारीहरुको दिनहुँ करोडौंको कारोबार हुने ठाँउ भएपनि हालसम्म बजार व्यवस्थापन समिति नभएको हुँदा शौचालय व्यवस्थापन चुनौती बन्न पुगेको स्थानीय व्यापारी कन्हैया कुमार हरिजन बताउँछन्। स्वच्छ खानेपानी जस्तै शौचालयको उचित व्यवस्थापन नहुँदा बजार नै सरसफाईको दृष्टिकोणले चुनौती बन्न पुगेको छ।

जिल्लाको मुख्य नाका महेशपुर पछिको प्रमुख नाका मानिने उक्त बजारबाट छोटो दुरीसँगै लामो दुरीको यात्रा गर्न सकिने मुख्य थलो बनेको परसौनीमा यस किसिमको अव्यवस्थाप्रति सम्बन्धित निकायको ध्यानाकर्षणको लागि पटक-पटक यस बारे समाचार प्रकाशन भएपनि करिब ५ वर्ष सम्म यसबारे कुनै निकायको ध्यान नपुगेको स्थानीय प्रहलाद कुशवाहाँ बताउँछन्।

उक्त ठाँउमा गुठी, परसौनी छोटी भन्सार कार्यलय, सशस्त्र प्रहरी बोर्डर आउट पोष्टको चेक प्वाईन्ट, पश्चिम नेपाल बस व्यवसायी संघको टिकट काउण्टर समेत रहँदै आएपनि हालसम्म शौचालयले मुहार फेर्न सकेको छैन।

यसबारे स्थानीय वडा नं. ६ का वडाध्यक्ष रामहरि उपाध्यायसँग प्रतिक्रिया माग्दा उनले आगामी आर्थिक वर्षमा शौचालयको व्यवस्थापनको लागी थप केही बजट बिनियोजन गर्ने बताए। साथै उक्त शौचालयको निर्माण पिपलको बोट नजिक भएको हुँदा हिन्दु धर्मको मान्यता अनुसार सो ठाउँ शौचका लागि उपयुक्त नभएकाले शौचालय नै सार्नुपर्ने स्थानीयहरु बताउँछन्।

## बागमती प्रदेशमा कर्मचारी भर्ना प्रक्रिया शुरु गरिने

**हेटौंडा/मस–** बागमती प्रदेशको प्रदेश लोकसेवा आयोगले कर्मचारी भर्ना प्रक्रिया शुरु गर्ने जनाएको छ। आयोगका अध्यक्ष सुरेशमान श्रेष्ठले चालू आवको असार मसान्तसम्ममा प्रदेश र स्थानीय तहका लागि आवश्यक पर्ने कर्मचारीमध्ये केही संख्यामा मात्रै भए पनि कर्मचारी भर्ना प्रक्रिया शुरु गर्ने जानकारी दिए।

उनले प्रदेशमा थुप्रै पद खाली भएको उल्लेख गर्दै आवश्यकता र प्राथमिकताका आधारमा भर्ना प्रक्रिया अगाडि बढाइने बताए। कर्मचारीले विभिन्न कारणले राजीनामा दिएका कारण पनि हाल प्रदेशमा ठूलो संख्यामा विभिन्न पद रिक्त रहेको जनाइएको छ। तह बढुवा गर्नका लागि मात्रै प्रदेश र स्थानीय तह रोजेका कर्मचारीले धमाधम राजीनामा दिन थालेका जनाइएको छ।

यसरी राजीनामा आउन थालेपछि प्रदेश र स्थानीय तहमा कर्मचारी अभावका कारण काम गर्न समस्या भइरहेको छ। उक्त समस्या समाधानका लागि प्रदेशको लोकसेवा आयोगले असार महिनासम्म पहिलो चरणमा कर्मचारी भर्ना गर्न लागेको हो। अध्यक्ष श्रेष्ठले प्रदेश र स्थानीय तहमा जुन पदमा धेरै कर्मचारी आवश्यक छ त्यही पदमा पहिलो चरणमा कर्मचारी भर्ना गरिने बताए।

यसैबीच प्रदेशमा आइसकेका एक सयभन्दा बढी कर्मचारीले राजीनामा दिएका छन्। संघीय सरकार मातहत रहेका कर्मचारी प्रदेश मातहत आउने अनि राजीनामा दिने क्रम बढेर गएको छ। संघबाट प्रदेशमा आउँदा कर्मचारी दुई तहसम्म बढुवा भएका थिए। बढुवा भएपछि राजीनामा दिँदा उपदान रकम पनि बढी आउने भएकाले प्रदेशमा आएर राजीनामा दिने प्रचलन बढ्न थालेको हो।

## सवारी दुर्घटनामा महिलाको मृत्यु

**तनहु/मस–** पृथ्वीराजमार्गअन्तर्गत तनहुँको व्यास नगरपालिका-१२ देउरालीमा शनिबार बसले ठक्कर दिँदा एक महिलाको मृत्यु भएको छ। दमौलीबाट मुग्लिङतर्फ जाँदै गरेको ग१ख ९६१८ नंको बसले ठक्कर दिँदा सोही बसमा सवार अन्दाजी ६५ वर्षीया महिलाको मृत्यु भएको हो।

मृतक महिलाको नामथर खुल्न नसकेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक लीलाराज लामिछानेले जानकारी दिए। सोही बसमा सवार रहेकी महिला ओर्लिएपछि बसको पांग्राले किचेको थियो। घाइते महिलाको दमौली अस्पतालमा उपचार गर्न लैजाने क्रममा बाटोमा नै मृत्यु भएको प्रहरीले जनाएको छ। बस र चालक प्रहरी नियन्त्रणमा छन्।

## सेनाद्वारा बम निष्क्रिय

**बाजुरा/मस–** यहाँस्थित बडीमालिका नगरपालिका-९मा रहेको पीसविन बाजुराको कार्यालय र रेडियो बाजुराको नजिकै राखिएको बम समरजीत गुल्मका सेनाले निष्क्रिय पारेको छ।

शुक्रबार राति अज्ञात समूहले रेडियो बाजुरा नजिक कालो झोलामा बेवारिसे अवस्थामा राखिएको बम शनिबार सेनाले निष्क्रिय गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक टंकप्रसाद भट्टराईले बताए।

रेडियोको नजिकै राखिएको प्रेसर कुकर बम सोही ठाउँमा निष्क्रिय पार्दा धर्म रोकायाको घरसमेत चर्केको उनले जानकारी दिए। उनका अनुसार बम कसले राखेको भन्ने बारेमा अनुसन्धान भइरहेको छ। बम राखेको थाहा भएपछि स्थानीय त्रसित बनेका हुँदा खोजी कार्यमा प्रहरी लागेको बताइएको छ।

## भ्रष्टाचारका घटनामा प्रधानमन्त्री शंकाको घेरामा : नेता भट्टराई

**पर्वत/मस–** समाजवादी पार्टीका नेता डाक्टर बाबुराम भट्टराइले भ्रष्टाचारका पछिल्ला घटनामा प्रधानमन्त्री केपी शर्मा ओलीको संलग्नता रहेको आरोप लगाएका छन्। पार्टीको संगठन विस्तार तथा सुदृढीकरण अभियानअन्तर्गत शनिबार पर्वतमा आयोजित कार्यकर्ता भेलालाई सम्बोधन गर्दै डा भट्टराईले भ्रष्टाचारका घटनामा प्रधानमन्त्री ओली शंकाको घेरामा रहेकाले उनीबाटै छानवीन शुरु गर्नुपर्ने बताएका हुन्।

सेक्युरिटी प्रीन्टिङ प्रेस घोटाला लगायत दर्जनौ काण्डमा ओली नै दोषी रहेको उनको आरोप छ। काठमाडौंको मातातीर्थस्थित सयौं रोपनी सरकारी जग्गा हिनामिना सम्बन्धमा सरकारले छानवीन गर्ने बताएपछि डाक्टर भट्टराई प्रधानमन्त्री ओलीसँग आक्रोशित बनेका हुन्। भट्टराईले आफूमाथि दुश्मनी साँध्न विभिन्न आरोप लगाएर फसाउन खोजिएको दाबी पनि गरे। पार्टीको कार्यक्रममा पर्वत पुगेका भट्टराईले सरकारको दिनगन्ती शुरु भएको दाबी पनि गरे।




डा भट्टराईले देशको प्रगति चाहने हरेक व्यक्ति समाजवादी पार्टीमा सहभागी हुन आवश्यक रहेको बताए। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र नेपाली कांग्रेस दुवै दलमा कतिपय राम्रा मान्छे रहेको उनले बताए। तर, उनीहरूको विचार अगाडि ल्याउन नदिइएका कारण त्यस्ता विचारलाई मुद्दाका रूपमा समाजवादी पार्टीले उठाउने भएकाले बुद्धिजीवीहरु आफ्नो पार्टीमा आउनु उपयुक्त हुने डा भट्टराईको भनाइ थियो। डा भट्टराईले नेकपा नै ओरालो बाटो लागेका कारण अबको वैकल्पिक शक्ति समाजवादी पार्टी भएको दाबी गरे।

डा भट्टराईले प्रधानमन्त्रीले भ्रष्टाचार गर्दिनँ भनेर प्रतिबद्धता गर्ने तर दिनप्रतिदिन सरकारका गलत समाचार आइरहेको बताउँदै सरकारले विश्वास गुमाउँदै गएको आरोप लगाए। सरकारले समृद्धि भइरहेको दाबी गरेर गुणगान गाइरहँदा आफ्नै पार्टीका मान्छेले नै मुखामुख गर्ने गरेको भन्दै उनले दुई वर्षसम्म सरकारले केही गर्न नसकेको आरोप लगाए।

## 'कांग्रेसलाई जीवन्त राख्न महाधिवेशन आवश्यक'

**बााके/मस–** नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले कांग्रेसलाई जीवन्त राख्न महाधिवेशन आवश्यक रहेको बताएका छन्। नेपाल प्रेस युनियन बाँकेले आज नेपालगञ्जमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले भने, 'गुट र उपगुटमा डुबेको कांग्रेसलाई त्यसबाट बचाउन पनि महाधिवेशन आवश्यक छ।'

नेता डा कोइरालाले १४औं महाधिवेशनबाट कांग्रेसलाई गुट उपगुटमुक्त बनाउनुपर्नेमा जोड दिँदै महाधिवेशनको तयारीमा लाग्न पार्टीका सबै नेता तथा कार्यकर्तालाई आग्रह गरे। उनले कुनै पनि अवस्थामा राजतन्त्र फर्कन नसक्ने बताउँदै आफूहरु बिपीको विचार, राष्ट्रियता, प्रजातन्त्र र समाजवादलाई अघि बढाएर लैजानपर्छ भन्ने कुरामा दृढ रहेको बताए।

'मुलुक अत्यन्त गम्भीर परिस्थितिबाट गुज्रिरहेको छ। देशमा हाल नियन्त्रित प्रजातन्त्र, सुशासनरहित अवस्थाका कारण मौलाएको भ्रष्टाचारले गर्दा मुलुक नै भड्खालोमा जाने सम्भावना रहेको छ,' उनले भने। नेता कोइरालाले सरकारका मन्त्री भ्रष्टाचार काण्डमा मुछिनु गलत भएको उल्लेख गर्दै निष्पक्ष छानविनको मागसमेत गरे।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य दीपक गिरी, डा चन्द्र भण्डारीलगायतका नेताका साथमा बाँके आएका नेता डा कोइराला आज पार्टीले आयोजना गरेको कार्यकर्ता भेलामा सहभागी हुने कार्यक्रम रहेको नेपाली कांग्रेस बाँकेकी सभापति किरण कोइरालाले जानकारी दिए।

तालिमको सुवर्ण अवसर

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ। मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ।

HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ।

Get your skill for your future carrier



✔ HK
Cleaners/House Keeping/ Laundry man, Room boy

✔ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook

✔ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.

✔ FRONT DESK, RECEPTION

रोजगारी पनि भविष्य पनि
- स्वदेशमै होस कि विदेशमा
- स्वरोजगार वा वैदेशिक रोजगार
- तपाई सीप सिक्नुहोस्
- अवसर र उपाय हामी खोजी दिन्छौं।

NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu ☎ 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस्।

कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# 'सामान्यीकरण' कि 'विशिष्टिकरण' ?

नेपालको संसदीय इतिहासकै सवैभन्दा कमजोर शक्ति समिकरणमा उभिएको नेपाली काँग्रेसलाई सरकारले लगातार एकपछि अर्को 'बिजनेस' दिइरहेको छ । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नेतृत्व सरकारको कार्यशैली र नीतिगत निर्णयका कारण काँग्रेसले संसदमा बिजनेस पाउँदै आएको हो । नेपालले अख्तियार गरेको संवैधानिक व्यवस्थामा संसद प्रतिपक्षकै मानिन्छ । त्यसैले, काँग्रेसले बिजनेस पाउनु र सरकारबाट प्राप्त बिजनेसमा व्यस्त देखिनु स्वभाविक हो । तर, केही दिन यता भने काँग्रेसको माग चर्को देखिन्छ । सेक्युरिटी प्रिन्टिङ खरीद प्रक्रियामा ७० करोड कमिसनमा बार्गेनिङ भएको अडियो सार्वजनिक भएपछि सहरी विकास मन्त्रालयको जिम्मेवारी समेत समाल्हेका सूचना, प्रविधि तथा सञ्चार मन्त्री गोकुलप्रसाद बाँस्कोटाको राजीनामा पछि काँग्रेसको माग थप चर्को देखिन्छ ।

बिहीबारको प्रतिनिधिसभा तथा राष्ट्रियसभा बैठक अवरूद्ध गरेको काँग्रेसले प्रधानमन्त्री केपी शर्मा ओलीकै विकल्प खोज्नुपर्ने अनौपचारिक निष्कर्ष निकालेको देखिन्छ । काँग्रेस नेता शेखर कोइराला सहित केही नेताले शनिबार विभिन्न कार्यक्रमलाई सम्बोधन गर्दै गोकुल बाँस्कोटा भ्रष्टाचारमा मुछिएकाले यसको कनेक्सन प्रधानमन्त्रीसम्म रहेको अनुमान गरेका छन् । ती नेताहरूको तर्क छ– प्रधानमन्त्रीको विश्वास पात्रले कमिसन बार्गेनिङ गरेको समाचार आउनुले प्रधानमन्त्री अछुतो रहन सक्दैनन् । त्यसैले प्रधानमन्त्री ओलीको विकल्प खोज्ने बेला भएको काँग्रेस नेताहरूको माग छ ।

सुशासन र समृद्धिको नारा लिएको सरकारका विभागीय मन्त्रीहरू भ्रष्टाचार, व्यभिचार जस्ता गम्भीर आरोपमा पदमुक्त हुनुले यो सरकार सकारात्मक दिशामा नरहेको प्रमाणित हुन्छ । तर, यसको विकल्पमा काँग्रेसले भनेजस्तो जनादेश बिपरीत सत्ता बदल्नेतिर लाग्नु उचित होइन । किनभने, सरकार बदल्ने चलखेलले मुलुकलाई फेरि पनि अस्थीरतातर्फ धकेल्ने निश्चित छ । अस्थीरता चाहने शक्तिहरूलाई यो सुखद् सन्देश हुन सक्ला, तर मुलुकको हितमा हुन सक्दैन । प्रधानमन्त्री स्वयम् आरोपित भए, त्यसको छानबिन र विकल्पबारे छलफल हुन सक्ला । तर, कुनै घटना र पात्र विशेषलाई लिएर 'सामान्यीकरण' गरिनु हल होइन, यसको संविधानलाई बलियो बनाउँदैन ।


नेकपासँग सरकार सञ्चालनका लागि पर्याप्त संसदीय बहुमत छ । तर, हामी जस्तो भू–राजनीतिक अवस्था र ऐतिहासिकताबाट गुज्रिएका छौं, त्यसलाई आधार मान्ने हो भने संसदीय गणित मात्रै निर्णायक नहुन पनि सक्छ । तसर्थ, काँग्रेस जस्तो पुरानो लोकतान्त्रिक दलले कम्तिमा अर्को निर्वाचनसम्म कुर्ने र मुलुकलाई स्थीरताको मार्गमा डोऱ्याउने दायित्व हुनुपर्छ । सरकारका गलत कामबारे जनतालाई सचेत बनाए, अर्को निर्वाचन टाढा छैन । तर, अस्थिरतातिर लाग्ने हो भने सत्तामै पुगे पनि सरकार चलाउने समय हुनेछैन । त्यसैले कुनै पनि दलले हाम्रो आफ्नै निकट इतिहासको नजीरहरू भुल्न हुन्न । बरू, विधिको शासन र द्वन्दहिनता रोक्न 'सामान्यीकरण' होइन, 'विशिष्टिकरण'को मार्ग उचित हुनेछ ।

## सामाजिक सञ्जाल



देश यदि बनि हालेछ भने पनि यिनै महान दलालका कारण बन्छ, घुस डील नमिल्ने जति दलाल सबैले वार्ता टेप गर्ने र सार्वजनिक गर्दिने हो भने पनि १० सालमा देश अर्कै हुन्छ । जय दलाल

- युवराज आचार्य




अमेरिकाको अनुदान लिँदा पनि खतरामा पर्ने स्वाधीनता चीनले सिधै धम्याउँदा चैं सुदृढ हुने रहेछ कि क्या हो? इतना सन्नाटा क्यूँ है भाइ ?

– जुगल भुर्तेल



धन्दा मान्नु पर्दैन कमरेडहरू, भ्रष्टाचारको 'गोली' बन्दुकको गोलीजस्तो खतरनाक हुँदैन । यसबाट काँग्रेस त 'मरेन' भने हामी कम्युनिष्टहरू मर्ने कुरै हुँदैन । यसले अलिकति इज्जतको छाला खुल्याउँछ तर समयसँगै पार्टीको विशेष मल्हमले निको हुन्छ ।

– मुमाराम खनाल



हुर्कने क्रममा घर, परिवार र समाजमा भएको भ्रष्ट प्रवृत्ति र राजनीतिमा लाग्ने क्रममा आदर्श मानेका नेताहरूमा हुने भ्रष्टताले अन्य नेतारकार्यकर्ताको अवचेतन मनमा पदमा पुगेपछि कमाउनुपर्छ भन्ने मनोभाव विकास गराउँछ ।

– डेभिल

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail.com

# नीतिगत भ्रष्टाचारको भय



■ खेमराज निरौला

सामान्य नागरिकले बुझ्ने भाषामा भन्नेहो भने, सार्वजनिक पदधारण गरेर गर्नुपर्ने काम नगरीकन कसरी हुन्छ पैसा र सम्पत्ति मात्रै कमाउने कुचेष्टा एवं प्रवृत्ति नै भ्रष्टाचार हो । अथवा सदाचार र कानुन विपरीत क्रियाकलाप, जसले राष्ट्रलाई हानि नोक्सानी पुऱ्याउने काम गर्छ, ऊ भ्रष्टाचारी ठहर्छ।

यसको दायरा यतिमा मात्रै सीमित छैन । भ्रष्टाचारको सञ्जाल बृहत् छ । यसको गहिराइ नापीनसक्नुको छ । यसका रूप विविध छन् । कुनै खुलेआम छन्, कुनै सुषुप्त छन् भने कुनै नीतिगत तहसँग जोडिएका छन् । जे-जस्तो रूपमा भएपनि यसले महामारीका रूपमा विश्वलाई नै ग्रसित बनाइरहेको छ ।

कुरा यतिमात्र फरक हो कि कुनै देशमा भ्रष्टाचार अलिकम हुन्छ भने कुनैमा नियन्त्रणभन्दा बाहिर जान आँटेको अवस्थामा छ । नेपालको सन्दर्भमा कुरा गर्दा, भ्रष्टाचार २०४६ सालभन्दा अगाडि नीतिगत तहमा कम हुने गर्दथ्यो । प्रशासनिक तहमा भने डराई-डराईकन अलि-अलि हुने गर्थ्यो । तर त्यसबेला भ्रष्टाचार गर्नेमान्छेमा अलिकति डर र त्रास भने हुनेगर्थ्यो । कानुन छ र कानुनले मलाई छोड्दैन भन्ने एकखालको मनोवैज्ञानिक त्रास हुन्थ्यो । तर अहिले भ्रष्टाचारले दिन दुईगुणा रात चारगुणाले छलाङ मार्दैछ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग (एकमात्र भ्रष्टाचार नियन्त्रणको संवैधानिक आयोग) ले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष प्रस्तुत गर्दै गर्दा यस्तो लाग्थ्यो कि मानौं आयोगले भ्रष्टाचारका विभिन्न साइजका पोकाहरू राष्ट्रप्रमुखसमक्ष पेस गर्दै छ । यस्तो अराजक प्रवृत्तिको अन्त्य नहुनेहोभने मुलुक अन्तर्राष्ट्रिय स्तरमानै बहिस्कृत हुने अवस्था नआउला भन्न सकिन्न । आयोगले हालै बुझाएको प्रतिवेदनले सबैभन्दा बढी भ्रष्टाचार स्थानीय तहमा हुने गरेको देखाएको छ । जबकि अहिलेका स्थानीय तहहरू भनेका जनताका देखिने र सुनिने सरकारका रूपमा चित्रण गरिएको छ ।

सर्वसाधारण जनताका दैनिकीलाई सहज एवं सरल बनाउने सवालमा नेतृत्वदायी भूमिकामा रहनुपर्ने अपेक्षा गरिएका स्थानीय तहहरू भ्रष्टाचारमा लिप्त हुँदा स्थानीय सरकारप्रति आमजनताको भरोसा एवं विश्वास डगमगाउन थालेको छ । जनताले अब यिनीहरूलाई नपत्याउने अवस्था सिर्जना हुन आँटिसकेको छ, बेलैमा नियतनसुधार्ने हो भने । स्थानीय तहको भ्रष्टाचार अनियन्त्रित ढंगले वृद्धि हुनु भनेको संघीयता र गणतन्त्रकै धज्जी उडाउनु हो ।

२०७४ मानिर्वाचन सम्पन्न भई विगत १५ वर्षदेखि नेतृत्वविहीन भएका स्थानीय तहहरूमा जनप्रतिनिधिहरूको उपस्थितिले यहाँका समस्या एवं जनताका दैनिकीमा उल्लेख्यरूपमा परिवर्तनको अपेक्षा राखिएको थियो । कर्मचारीतन्त्रका भरमा चलेका स्थानीय तहहरू जनप्रतिनिधिमार्फत विकास, समृद्धि सुशासनको अभियानलाई थप बलियो बनाएर अघि बढाउन सकिन्छ भन्ने आमअपेक्षा अहिले आएर निराशामा परिणत भएको छ ।

७५३ स्थानीय तहहरू, ७ वटा प्रदेश सराकार अहिले मुलकमा क्रियाशील छन् । अब यहाँ प्रश्न उठ्छ, स्थानीय जनताको जीवनस्तर एवं उनीहरूले सामना गर्नुपरेका पीडामा कुनै देखिने र अनुभव गर्ने गरी परिवर्तन आएको छ त ? स्थानीय जनता जनप्रतिनिधिका कार्यशैली, हुकुमी शैलीदेखि आजित भएका छन् । उनीहरूले गरेका भ्रष्टाचार, अनियमितता, नातावाद एवं सत्ता र शक्तिको दुरूपयोगबाट जनता आजित भइसकेका छन् । के यस्तो अवस्था आउनु लोकतन्त्रका लागि खतरा होइन ? विकास, समृद्धि, सुशासन र जनभावनालाई आत्मासात्गर्दै छलाङ मार्नुपर्ने यो समयमा नेपाल भने भ्रष्टाचार र अनियमितताका शृङ्खलामा ठूलै छलाङ मारिरहेको छ ।

भ्रष्टाचारले नछोएको मुलुक शायद कुनै छैन होला तर फरक यतिमात्र हो यसको आयाम र प्रभाव क्षेत्र भने फरक-फरक हुनसक्छ । विकसित मुलकहरूपनि भ्रष्टाचारको दलदलमा फसेका उदाहरण छन् तर गरिबी, अशिक्षाले पछाडि परेका मुलुकहरूमा भने यो गम्भीर समस्याका रूपमा रहेको छ । यस्ता मुलुकहरूमा सञ्चालित हरेक विकास निर्माणलगायत अन्य आर्थिकगतिविधिहरू अपारदर्शी एवं कागजमा मात्र सीमित हुन्छन् ।

राज्यको स्रोत-साधन व्यक्तिगत प्रयोजनमा प्रयोग गरिदिँदा समाज आर्थिकरूपले विभक्त बनेको छ । जसले गर्दा शासकीय शैलीप्रति आमनागरिकको असन्तुष्टि चुलिँदै गएको छ ।

भ्रष्टाचार समृद्धि, विकास र सुशासनको बाधक हो । तर अख्तियारको यो वर्षको प्रतिवेदन हेर्ने हो भने नेपालमा यो समस्या झन् विकराल बन्दै गएको देखिन्छ । त्यसोत 'म भ्रष्टाचारगर्दिनँ, म भ्रष्टाचारहुन दिन्न, भ्रष्टलाई प्रवेश निषेध, म देश र जनताका लागि इमानदार भएर सेवाभावले काम गर्ने प्रतिज्ञा गर्दछु ' यी र यस्ता अन्य धेरै कर्णप्रिय लाग्ने नारा एवं उद्गार हरेक उच्च सरकारी कार्यालयदेखि तल्ला तहहरूसम्मका प्रवेशद्वारमा देख्न सकिन्छ ।

तर व्यवहारमा भने ठीक उल्टो पाइन्छ । नेपालको संविधान २०७२ ले अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई भ्रष्टाचार नियन्त्रण गर्ने जिम्मेवार स्वतन्त्र आयोगका रूपमा परिभाषित गरेको छ तर नीतिगत तहमा हुनेगरेका भ्रष्टाचार हेर्न नपाउने गरी । जसले गर्दा भ्रष्टाचार एवं अनुचित कार्य, जसले राष्ट्रलाई हानि नोक्सानी पुऱ्याउँछ ती सबै नीतिगत तहमा हुनथालेका छन् । अहिले हरेक क्षेत्र शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, सडक, सदनदेखि लिएर सिंगो मन्त्रिमण्डलमा अनुचित कामको बिगबिगी छ । यस्ता अनुचित कामले नपत्याउने गरी भ्रष्टाचारको जरा फैलाएको छ । नेपाल अहिले यसैको सिकार भएको छ ।

> भ्रष्टाचार रोक्ने नै हो भने सरकारको नेतृत्व गर्ने कार्यकारी प्रमुख निकै कठोर एवं निर्ममरूपमा अघि बढ्न सक्नुपर्छसरकारले शून्य सहनशीलताको नीति लिएको छ भन्दैमा भ्रष्टाचार नियन्त्रण हुने होइन ।

भ्रष्टाचार रोक्ने नै हो भने सरकारको नेतृत्व गर्ने कार्यकारी प्रमुख निकै कठोर एवं निर्ममरूपमा अघि बढ्न सक्नुपर्छसरकारले शून्य सहनशीलताको नीति लिएको छ भन्दैमा भ्रष्टाचार नियन्त्रण हुने होइन । जोसुकै र जुनसुकै तहले गरेका अनियमितता एवं भ्रष्टाचारजन्य कामको स्वतन्त्रपूर्वक अनुसन्धान गर्न अख्तियारलाई दिनुपर्छ, चाहेत्यो मन्त्रिपरिषद्को नै किन नहोस् ।

मन्त्रिपरिषद्ले चाहिँ जस्तोसुकै काम गरे पनि औंला उठाउन नपाउने कानुनी व्यवस्था आफैंमा भ्रष्टाचार उन्मुख छ।सरकारी निकायको उदासीनता तथा सार्वजनिक तहमा रहेकाहरूको उत्तरदायित्व र जवाफदेहिता अभावका कारण नेपालमा भ्रष्टाचार बढेको तथ्य सार्वजनिक भएको छ । प्रशासनिक संयन्त्र चुस्त र राजनीतिमा इमानदारिता नभएसम्म भ्रष्टाचार नियन्त्रण हुन नसक्ने विज्ञहरूको निष्कर्ष छ । प्रशासनिक संयन्त्र चनाखो र राजनीतिक इमानदारिता नभएसम्म भ्रष्टाचार विकेन्द्रित हुँदै गाउँ-गाउँ पुग्ने खतरा पनि त्यत्तिकै छ ।

विगतका बेथिति र अनियमिततालाई नियन्त्रण गर्न भनी वर्तमान नेकपा सरकारलाई जनताले दिएको जनमत अहिले उपेक्षित हुँदै गएको अवस्था छ। अनियमितता एवं भ्रष्टाचारको गन्ध आउनेबित्तिकै जुनसुकै निकायको भए पनि अख्तियारले स्वतन्त्ररूपमा छानबिन गर्न पाउनुपर्दछ।

हाम्रा निर्वाचन पद्धति ज्यादै खर्चिला भएका छन् । सामान्य मानिसले चुनावमा उठेर म भोट जित्छु भनी नचिताए पनि हुन्छ । जसले बढीभन्दा बढी रुपैयाँ खर्च गर्न सक्छ उसैले चुनाव जित्ने पद्धतिले भ्रष्टाचारलाई मलजल गरिरहेको छ ।

कुन दल र दलको उम्मेदवारले आफ्नो निर्वाचन खर्चको यथार्थ विवरण बुझाएका छन् ? यसमा न अख्तियारको चासो छ, न त निर्वाचन आयोगको नै ? कालान्तरमा निर्वाचनमा भएको खर्च चुनाव जितेपछि असुलउपर गर्ने नीतिगत प्रपञ्चले अहिले स्थानीय निकायहरूमा भ्रष्टाचार चुलिएको मूल कारण हो ।

नीतिगत तहमा हुने भ्रष्टाचार रोक्न अख्तियार नउठ्ने हो भने कसरी नियन्त्रण सम्भव होला ? सार्वजनिक खरिद ऐनको पालना नगर्ने मन्त्रीविरुद्ध खोइ त सशक्त कारबाही ? सरकारी सम्पत्ति व्यक्तिका नाममा दर्ता गर्ने अनि राजस्व दुरूपयोग एवं छली गर्ने सरकारी स्वामित्वका चल-अचल सम्पत्ति कबाडीको दाममा भोगचलन गर्न दिने प्रवृत्ति किन रोकिँदैन ? यी र यस्ता धेरै घटना एवं परिघटनाले भ्रष्टाचार झन् बढिरहेको नागरिक बुझाइ छ ।

भ्रष्टाचारको आयाम यति फराकिलो हुँदै गएको छ कि सयमा हुने भ्रष्टाचार हजारमा पुग्यो, हजारमा हुने लाखमा पुग्यो, लाखमा हुने करोडमा पुग्यो र करोडमा हुने अर्बमा पुगेपछि मानौं अबको १०-२० वर्षपछि यो मुलुकको हालत कस्तो होला ? एकछिन् सोचौं त !

अहिलेको आधुनिक विश्वले आत्मसात् गरेको सुशासनका आधारभूत तत्वहरू मूलतः जनसहभागिता जसमा सरोकारवाला पक्षहरूको सहभागितामा नीति-नियमको तर्जुमा, सूचनामा नागरिकको सहज पहुँच, निर्णय प्रक्रियामा नागरिकको सहभागिता र न्यायमा सहज पहुँचको सुनिश्चितता, विधिको शासन, काम-कारबाहीमा पारदर्शिता, शिक्षा, स्वास्थ्य, सार्वजनिक सेवाजस्ता विषयहरूको सहज पहुँच आवश्यक हुन्छ ।

जब निर्णय प्रक्रिया पारदर्शी हुँदैन अनि विभिन्न किसिमबाट भ्रष्टाचारले प्रश्रय पाउँछ, व्यक्तिगत, निजी वा व्यापारिक स्वार्थपूर्ति गर्न सोही अनुरूपका ऐन, कानुन, नीति-नियम बनाउने होडबाजी चल्न थाल्छ। कमजोर शासन, अनुपयुक्त सामाजिक-आर्थिक संरचना, संस्थागत अक्षमता र राजनीतिक इच्छाशक्तिको अभावमा नै भ्रष्टाचार मौलाउँछ। अहिले यो मुलुकले ठीक यस्तै नियति भोगिरहेको छ ।

यो नियतिबाट देशलाई बाहिर निकाल्न सक्ने राजनीतिक नेतृत्व अहिलेसम्म नदेखिनु दुर्भाग्यपूर्ण छ। भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गराउन राज्यले अपनाउने शासन प्रणाली लोकतान्त्रिक हुनुपर्छ। मुलक चलाउने जनताका प्रतिनिधिहरूको विलासितापूर्ण जीवनशैली एवं भ्रष्ट मानसिकतामा परिवर्तन नआएसम्म परिवर्तन सम्भव छैन ।

# नियन्त्रण उन्मुख कोरोना:चीनको लडाईबाट सिकौं

**चिनियाँहरू संकटको सामना गर्न र संकटलाई अवसरका रूपमा सदुपयोग गर्न सक्षम छन मात्रै होईन, अवसर पाए चमत्कार गर्छन भन्ने कुरा उनीहरूले हजारौं बिमारीको उपचार गर्न एक सातामा भव्य अस्पताल बनाएर प्रमाणित गरिदिए ।**



सूर्य खड्का

बाजा बजाएर आउदैन, कुनै पनि संकट, दैवि वा प्रकृत्तिक विपत्ति । आकस्मिक रुपमा आईलाग्ने कुनै पनि संकटको सामना गर्न साहस, धैर्यता र तत्परता अपरीहार्य हुन्छ । संकटको कारण खोज्न जाँगर गर्नुपर्छ, मूल्य चुकाउन तयार हुनुपर्छ। अनि संकट आफैंमा एउटा अवसर बन्न सक्छ । अवसरले नयाँ उज्जयालो संभावना देखाउछ । त्यही उज्यालोमा जीवन आफै डोरिदै जादा सफलता हासिल हुन्छ ।

वर्षारम्भ सन् २०२० को पूर्व सन्धयामा अनायाशै बिपत्ति आईलाग्यो उत्तरी छिमेकी साम्यवादी जनगणतन्त्र चीनलाई । वुहान, हुवे प्रान्तमा एककासी देखा परयो, कोरोना भाईरसको संक्रमण । संक्रमण देखियो एक्कासी । अनि फैलिन थाल्यो चौतर्फी । सुरुमा अनियन्त्रित गतिमा जस्तै आक्रामक देखियो संक्रमण ।

डिसेम्वर अन्तिम सातावाट सुरु भाईरस जनवरी महिनाभर आक्रामक नै देखियो । जनधनको क्षती सोचे भन्दा केही ज्यादा भयो । मानिसहरुमा एकप्रकारको त्रास र भयले बढी सतायो ।

सामान्य जीवन रेखामा आर्थिक लगायतका सबैखाले प्रगतिको पथमा लम्किदै विश्वकै प्रमुख राष्ट्र बन्ने दौडमा रहेको चीनलाई कोरोना भाईरसले ठेस लगायो । नयाँ वर्षमा चिनियाँहरु रम्न, जम्न र उमंगका साथ आआफ्नो घर परिवारमा समय बिताउदा पनि कोरोना भाईरसको संक्रमण बढ्ने चीनताले ग्रसित भए ।

तर यो दुर्दिन धेरै दिन बढोत्तरी गतिमा रहेन । चीनको केन्द्रीय सरकारले नै सम्भाव्य सबै उपाय परिचालन गरेर कोरोना भाईरसको संक्रमण नियन्त्रणमा लिने हर सम्भव उपायको खोजी गरयो । त्यसैले जनवरीसम्म निकै फैलिन खोजेको कोरोनाको संक्रमण फेब्रुअरीसम्म आईपुग्दा कम हुदै गयो । र, अहिले मध्य फ्रेबुअरीसम्म आईपुग्दा त नियन्त्रण नजिक आईसकेको छ । मानवीय गल्तीको उपज थिएन, शायद चीनको हुबेबाट सुरु भएको कोरोना संक्रमण । तरै पनि मानव जीवनकै लागि घातक सिद्ध यो संक्रमण रोक्न चिनियाँहरु बढी नै खटे, खटिरहे ।

त्यसैले चीनले यस संक्रमणको रुट पत्ता लगाउन निकै आक्रामक पहल थाल्यो सिंगो राज्यशक्तिका सबै अंगहरुलाई परिचालन गरेर । सुरुमा यसलाई भयावह आतंक होईन भनेर सरकारले आफ्ना जनतालाई आश्वस्त बनायो । जनता र सरकार वीचको अविश्वास घट्यो, हट्यो । धेरै खाले सञ्चार माद्यम र सामाजिक संजालहरु मार्फत रोगको बारेमा सही समयमा ,सही सूचना दियो । आफ्ना नागरिकहरुलाई राज्यले रोग नियन्त्रण गर्दैछ भन्नेमा पहिला विश्वस्त तुल्यायो । अनि साथमा जारी राख्यो रोग नियन्त्रणको चौतर्फी पहल पनि ।

संक्रमित नागरिकहरुको छिटो भन्दा छिटो उद्धार र उपचारमा पनि चीन सरकारले उत्तिकै ध्यान दियो । रातदिन नभनी स्वास्थयकर्मीहरु खटे बिरामीको उपचारमा । संक्रमितहरुलाई फैलिन नदिन उसले युद्धस्तरमा उपचार पद्धति अपनायो । एक सातामा उसले संक्रमितहरुको उपचारका लागि नयाँ अस्पताल नै बनायो ।

चिनियाँहरु संकटको सामना गर्न र संकटलाई अवसरका रुपमा सदुपयोग गर्न सक्षम छन मात्रै होईन, अवसर पाए चमत्कार गर्छन भन्ने कुरा उनीहरुले हजारौं बिमारीको उपचार गर्न एक सातामा भव्य अस्पताल बनाएर प्रमाणित गरिदिए । साताभित्रै तयार अस्पतालले धेरै बिरामीको ज्यान जोगाउन बरदानको काम गरयो ।

राष्ट्रपति सि जिनपिंग आफैंले पनि रोग नियन्त्रणमा भैरहेका प्रयाशहरुबारे प्रत्यक्ष खटेर जानकारीहरु लिए, आफूले दिनुपर्ने आवश्यक निर्देशनहरु दिए । यसले उपचारमा अहोरात्र खटिएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई कर्मथलो खटिन अरु उर्जा थप्यो । बिरमारीहरुमा सरकार हामीसंगै छ भन्ने आत्माविश्वास थप्यो । आखिर फ्रेबुअरीको अन्तिमतिर आईसक्दा चीनको बुहान हुबेबाट जन्मेको कोरोना भाईरस अब नियन्त्रणमा नै आउन मोडमा पुगिसकेको छ ।

अहिले चीन व्यापक जनपरिचालन र सरकारी अग्रसरताको सामुहिक उपज स्वरुप तंग्रिदै छ, पूर्ववत सामान्य जनजीवनमा फर्कदैछ, दिनप्रतिदिन । भाईरसको कारण र समाधानम चीन सफलता नजिक छ, त्यसैले चिनियाँ जनताको जीवनमा खतरा लगभग दुर भएको छ । फेरि चिनियाँहरु पूर्ववत खुसीमा फर्कन पाउदैछन । चीनको भाईरसरुपी बिपत्ति अब हुदैछ अन्त्य । यही हो, आकस्मिक संकटका वीच चिनियाँलाई मिलेको पछिल्लो खुसी । भाईरसमाथि जित्ने चीन सरकार र जनताको यही प्रयाशलाई यसै कारण बधाई , शभकामना भन्दा अतिशयोक्ति हुदैन नै ।

चीनबाट सुरु भएर बाँकी विश्वमा पनि पुग्न पाउदा नपाउदै रोग नियन्त्रणका लागि विश्वव्यापी प्रयाशरु भैरहेका छन । विश्वभरीका सरकारहरु मानव जातीकै साझा दुश्मन बनेको यो संक्रमणका विरुद्धमा उत्रेका छन । विश्व स्वास्थय संगठन चीन लगायतका सबै देशका सरकारहरुसंग मिलेर रोग विरुद्धका काममा जुटेको छ । यो संसारभरकै मानव जातीका लागि सुखद कुरा हो ।

नेपाल जस्ता मुलुकमा यो संक्रमण नआउदै टर्न सक्यो भने ज्यादै सुखद हुनेछ । चीनमा अध्ययनरत विद्यार्थीहरुलाई ढिलो उद्धार गरे पनि ती सबै सुरक्षित रहनु नेपालका लागि सुखद पक्ष हो । चीनको बिपत्ति सामना गर्ने शैलीबाट नेपालले पनि धेरै पाठ समयमा सिक्न सके भोलिका दिनमा आईपर्ने संकटबाट मुक्ति लिन सजिलो हुनेछ ।

*final_destination2064@yahoo.com*

## अफगानिस्तानमा आंशिक युद्धविराम
# सडकमा निस्किएर नागरिकले गरे नाचगान



**काबुल/एजेन्सी–** अफगानिस्तानमा शनिबारदेखि एक हप्ता लामो आंशिक युद्धविराम शुरु भएको छ। वर्षौंदेखि गृहयुद्धका कारण थिलथिलो भएको अफगानिस्तानमा शान्ति आउने आशामा हर्षित देखिएका नागरिक बिहानैदेखि सडकमा नाचगान गरिरहेका छन्।

अफगानिस्तानको मुख्य विद्रोही समूह तालिबान, अमेरिका र अफगान सरकारबीच हिंसा न्यूनीकरण गर्न एक हप्ते सम्झौता भएको छ र यो शनिबारदेखि लागू भएको हो। यो प्रारम्भिक सम्झौताको पूर्ण पालना भएमा सन् २००१ देखि जारी सशस्त्र हिंसा अन्त्यका लागि एउटा प्रस्थान विन्दु हुनेछ।

अमेरिका र विद्रोही तालिबानबीच आंशिक युद्धविरामको नतिजाका आधारमा स्थायी युद्धविराम गर्न दुवै पक्ष सहमत भएका छन्। उक्त सम्झौताबमोजिम अमेरिकाले १८ वर्षपछि अफगानिस्तानमा तैनाथ करीब १४ हजार अमेरिकी सैनिक क्रमशः फिर्ता लैजानेछ। साथै, युद्धबाट थकित भइसकेको अफगानिस्तानमा राजनीतिक केही अस्थिरताका बाबजुद विकास र प्रगतिको ढोका खुल्ने अपेक्षा गरिएको छ।

काबुल सडकमा शनिबार बिहानै भेटिएका ट्याक्सी चालक हबिब उल्लाहले निकै आत्मविश्वासका साथ भने, 'बम वा आत्मघातीको आक्रमणबाट मृत्यु हुने भयबेगर नै म पहिलोपटक यसरी सडकमा निस्कन पाएको छु। मलाई आशा छ यो सदा जारी रहनेछ।'

यो साप्ताहिक युद्धविराम सफलतापूर्वक अघि बढाउन तालिबान समूहले आफ्ना लडाकूलाई नियन्त्रणमा राख्न सक्नु पर्दछ। अमेरिका र विद्रोही दुवैले आगामी फेब्रुअरी २९ मा दोहामा पूर्ण सम्झौतामा हस्ताक्षर गर्ने बताएका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अफगानिस्तानबाट अमेरिकी सेना फिर्ता गर्ने पटकपटक बताइसकेका छन्। तर अमेरिकी सेना र अमेरिकी चासोका स्थानमा बम हमला भएपछि ट्रम्पकै आदेशमा अमेरिका-तालिबान जारी शान्तिवार्ता केही समय रोकिएको थियो। तर दुवै पक्षबीच पुनः शान्तिवार्ता भएर अस्थायी एकहप्ते युद्धविराम भएको छ।

लामो समयदेखि रक्तपातपूर्ण युद्धको सामना गरिरहेका सर्वसाधारण अफगानीले पछिल्लो सहमतिले ठूलो राहत दिएको छ। संयुक्त राष्ट्रसङ्घले गत वर्ष विगत एक दशकमा अफगानिस्तानमा एक लाखभन्दा बढी मानिस मारिए वा घाइते भएको जनाएको थियो। तालिबानको मुख्य आधार भूमि मानिएको दक्षिणी कन्धाहार र पूर्वी जलालाबादमा अफगानीहरू रातिदेखि नै सडकमा परम्परागत पस्तुन नाचमा रमाइरहेका देखिन्थे।

वर्षौंदेखि सर्वसाधारणका लागि घातक ठाउँहरूमध्ये एकका रूपमा देखिएको काबुलमा भने मानिसहरू केही सजग देखिएका थिए। 'अस्थायी नै भए पनि युद्धमा रोकिनु राम्रो हो तर हामी स्थायी युद्धविराम होस् भन्ने चाहन्छौं,' सरकारी कामदार फजुल रहमानले भने, 'जतिसक्दो चाँडो विद्रोही तालिवान र अफगान सरकारबीच पनि शान्तिवार्ता हुनुपर्दछ।'

काबुलका एकजना पसले इमामुद्दिनले जेजस्तो अवस्थामा पनि सबै अफगानीले शान्तिको चाहना राखेको बताए। 'एक हप्ताको युद्धविराम त आँखा झिमिक्क पार्दै सकिन्छ,' उनले भने, 'उनीहरूले यस देशको समस्याका लागि दिगो समाधान खोज्नुपर्दछ।'

अमेरिकाले अफगानिस्तानमा जारी 'हिंसामा उल्लेखनीय र राष्ट्रव्यापी कटौती'का लागि 'समझदारी' भएको बताएको छ भने अफगान सुरक्षाफौज पूरै साताभर 'सक्रिय आत्मरक्षाको स्थितिमा' मात्र रहनेछ।

'तालिबानले हिंसामा अर्थपूर्ण कटौतीप्रति आफ्नो प्रतिबद्धता प्रदर्शन गर्नुपर्दछ,' अमेरिकी रक्षामन्त्री मार्क एस्परले ट्विट गर्दै भने, 'तालिवानले शान्तिको बाटोलाई अस्वीकार गरेको खण्डमा हामी आफैं र अफगान साथीहरूको मद्दत गर्न तयार हुनेछौं।'

कन्धाहारमा एकजना तालिबान विद्रोहीले आफूलाई हतियार थाती राख्ने आदेश आएको एएफपीलाई बताए। तर अर्को लडाकूले आफूलाई केवल ठूला शहरहरू र राजमार्गहरूमा आक्रमण रोक्न आदेश दिइएको जानकारी दिए।

कुनै पनि युद्धविराम चुनौती र खतराबाट भरिपूर्ण हुन्छ। विश्लेषकहरूका भनाइमा अफगानिस्तानको रक्तपात रोक्न निकै जटिलताहरू रहेका छन् र कुनै पनि समय त्यो भङ्ग हुन सक्दछ।

सन् २००१ मा अमेरिकी आक्रमणपछि अफगानिस्तानमा एकपटक मात्र युद्धमा विश्राम आएको छ। तालिबान र काबुलबीच सन् २०१८ मा मुस्लिमहरूको महान् चाड इदको अवसरमा तीन दिन युद्धविराम भएको थियो।

त्यसबखत अफगानिस्तानले तालिबानी लडाकूहरू, सुरक्षाफौज र सर्वसाधारणलाई अङ्गालो हालेर, आइसक्रिम बाँडेर र सेल्फी खिच्दै खुशी साटासाट गरेका थिए।

अमेरिकाले एक वर्षभन्दा बढी समयदेखि तालिबानसँग वार्ता गरिरहेको छ। उक्त वार्ता मुख्य रूपमा अफगानिस्तानमा तैनाथ १२ हजार देखि १४ हजार अमेरिकी सेनाको आधा हिस्सा तत्कालै हटाउने र स्थायी युद्धविराम गर्ने केन्द्रित छ।

त्यसको बदलामा तालिबानले सुरक्षा प्रत्याभूति गर्नुपर्नेछ र अफगान सरकारसँग शान्तिवार्तामा सहभागी हुनेछ।

बिहीबार उक्त समूहका उपनेता सिराजुद्दिन हक्कानीले न्युयोर्क टाइम्समा एउटा लेख लेख्दै विद्रोहीहरू सम्झौताको पक्षमा खडा हुन पूर्ण प्रतिबद्ध रहेको बताएका छन्।

## ट्रम्प सोमबारदेखि भारत भ्रमणमा
# चीनसँगको सम्बन्धमा दबाब दिनु मुख्य उद्देश्य

**अहमदाबाद/एजेन्सी–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारत भ्रमणका क्रममा सोमबार विश्वकै सबैभन्दा ठूलो क्रिकेट रङ्गशालाको उद्घाटन गर्ने भएका छन्।

उनले भारतको ताजमहलको पनि भ्रमण गरेर सूर्यास्तको अवलोकन गर्ने कार्यक्रमसमेत रहेको अधिकारीहरुले जानकारी दिएका छन्। तर पूर्वअपेक्षित व्यापार सम्झौता भने उनको भ्रमणका क्रममा नहुने बताइएको छ।

राष्ट्रपति ट्रम्पको भ्रमणले दुई पक्षीय सम्बन्ध विशेष गरेर व्यापारको क्षेत्रमा सुधार हुने अपेक्षा गरिएको छ।

विज्ञहरुका अनुसार अमेरिकाले चीनसँगको सम्बन्धमा दबाब दिनका लागि रणनीतिक मित्रका रुपमा भारत उपयोग गर्न खोजेको छ।

'भारतसँग हाम्रो व्यापार धेरै राम्रो छैन, तर पनि म प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेट्न मन पराउँछु,' ७३ वर्षीय ट्रम्पले भारत भ्रमणको पूर्वसन्ध्यामा भनेका छन्।

ट्रम्पले यसअघि पनि गत नोभेम्बरको निर्वाचनअघि भारतसँग ठूलो व्यापारिक सम्झौता हुन नसक्ने उल्लेख गरेका थिए।

भारत भ्रमणका क्रममा राष्ट्रपति ट्रम्पका साथ श्रीमती मेलानिया, छोरी इभान्का र ज्वाइँ जारेड कुश्नर आउने कार्यक्रम छ। ट्रम्पले सोमबार नयाँदिल्लीमा ओर्लिएपछि शुरुमा पश्चिमी गुजरात राज्यको भ्रमण गर्नेछन्। आफू मुख्यमन्त्री हुँदा गरेको भूकम्पपछिको पुनर्निर्माण देखाउन मोदीले ट्रम्पलाई गुजरातको भ्रमण गराउन लागेका हुन्।

सोही क्रममा उनले गुजरात क्रिकेट एसोसिएशनद्वारा निर्मित सरदार पटेल रङ्गशालाको उद्घाटन गर्नेछन्। मोटेरा स्टेडियमसमेत भनिने सो खेलमैदानको वरिपरि सात सय मिटर लामो पर्खाल बनाइएको छ।

खेलमैदानमा एक लाख मानिसको उपस्थितिमा 'नमस्ते ट्रम्प' कार्यक्रमको पनि आयोजना गरिएको छ। नमस्ते ट्रम्प कार्यक्रम गत वर्षको जुनमा मोदीले अमेरिका भ्रमण गर्दा टेक्सासमा आयोजना गरिएको 'हाउडी मोदी' कार्यक्रमकै प्रतिरूप हो। त्यतिबेला हाउडी मोदी कार्यक्रममा ट्रम्प सहभागी भएपछि दुवैले प्रवासी भारतीय अमेरिकीलाई सम्बोधन गरेका थिए।

नमस्ते ट्रम्प कार्यक्रमपछि उनी श्रीमतीसहित ताजमहल अवलोकन गर्न जाने कार्यक्रम छ। ताजमहलमा ट्रम्पको टोली १ घण्टा रहने तालिका छ।

भ्रमणको दोस्रो दिन मङ्गलबार ट्रम्प दिल्ली फर्केर हैदरावाद हाउसमा विभिन्न चरणमा रक्षा, व्यापारलगायत विषयमा छलफल गर्ने बताइएको छ।

राष्ट्रपतिको बागडोर सम्हालेपछि ट्रम्पको यो पहिलो भारत भ्रमण हो। ट्रम्पले कार्यकालको अन्तिम वर्ष दुई दिन भारतको भ्रमण गर्न लागेका हुन्। ट्रम्पको पहिलो कार्यकाल सन् २०२१ जनवरी २० मा सकिँदैछ।

अमेरिकी संविधानअनुसार राष्ट्रपतिको कार्यकाल ४ वर्षको हुन्छ। अमेरिकामा आउँदो नोभेम्बर ३ मा राष्ट्रपतिको निर्वाचन हुने तय भएको छ। मोदी र ट्रम्पबीच पछिल्लो आठ महिनामा पाँचौं पटक भेट हुँदैछ। यसअघि यी दुई शीर्षनेताबीच ओसाका, बायरिज, ह्युस्टन र न्युयोर्कमा गरी चारपटक भेट भइसकेको छ।

भारतको विदेश मन्त्रालयका प्रवक्ता रवीस कुमारले ट्रम्पको स्वागतका लागि भारत सरकार र भारतीय जनता उत्सुकताका साथ प्रतीक्षा गरिरहेको बताएका छन्।

उनका अनुसार, सन् १९४७ मा भारत स्वतन्त्र भएपछि भारत भ्रमणमा आउन लागेका ट्रम्प अमेरिकाका सातौं राष्ट्रपति हुन्। यसअघि तत्कालीन राष्ट्रपति बाराक ओवामाले सन् २०१५ जनवरी २५-२७ मा तीनदिने भारत भ्रमण गरेका थिए।

# कोरोना नियन्त्रणमा सघाउन आग्रह गर्दै बिल गेट्सलाई सीको पत्र ?





**बेइजिङ/एजेन्सी–**चिनियाँ राष्ट्रपति सी चिनफिङले विश्वकै धनाढ्य व्यक्ति बिल गेट्सलाई पत्र पठाएका छन्। विनाशकारी कोरोना भाइरसको सङ्क्रमण नियन्त्रणका लागि सहयोगको आग्रह गर्दै सीले बिलगेट्सलाई पत्राचार गरेका हुन्।

कोरोना भाइरस नियन्त्रणका लागि बिल गेट्सको अगुवाइमा खोलिएको बिल एन्ड मेलिन्डा गेट्स फाउन्डेशनले १० करोड अमेरिकी डलर सहयोग गरेको थियो।

महामारी नियन्त्रणका लागि अन्तर्राष्ट्रिय दायित्वअनुसार सहयोगको घोषणा गरेको फाउन्डेशनका संस्थापकहरूले बताएका थिए।

कोभिड-१९ नाम दिइएको यस महामारीका कारण अहिलेसम्म दुई हजार ३४५ जनाको मृत्यु भइसकेको छ भने ७६ हजारभन्दा बढी प्रभावित भएका छन्। यसको सङ्क्रमण विश्वका २५ देशमा देखिएको छ।

राष्ट्रपति चिनफिङले लेखेका छन्, 'तपाईंको सहयोगको प्रतिबद्धतालाई मैले गहिरोसँग मनन गरेको छु, अति महत्वपूर्ण र संवेदनशील क्षणमा चिनियाँ नागरिकप्रति तपाईंहरूले देखाउनुभएको सहानुभूति र ऐक्यबद्धताप्रति हामी हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।'

उनले चीन अहिले महामारीविरुद्ध लडिरहेकाले सङ्कटपूर्ण अवस्थामा रहेको पनि पत्रमा उल्लेख गरेको चिनियाँ समाचार संस्था सिन्ह्वाले जनाएको छ।

# इरानमा पनि कोरोना जीवाणुबाट पाँचजनाको मृत्यु

**तेहरान/एजेन्सी–** इरानमा शनिबार थप १ जना कोरोना सङ्क्रमित व्यक्तिको मृत्यु भएको छ। योसहित इरानमा कोरोना जीवाणुका कारण मृत्यु हुनेको सङ्ख्या पाँच पुगेको छ।

इरानमा १० जना नयाँ कोरोनाका बिरामी पनि देखिएको सरकारी अधिकारीहरूले बताएका छन्। इरानमा कोरोना सङ्क्रमित व्यक्तिको सङ्ख्या २८ पुगेको छ।

इरानी स्वास्थ्य मन्त्रालयका प्रवक्ता कियानोस जहानपौरले कोरोना सङ्क्रमणबाट हालसम्म पाँच जनाको ज्यान गएको जानकारी दिए। दुई दर्जन बढीमा संक्रमण देखिएकाले नियनत्रणका लागि भरमग्दुर प्रयास भइरहेको उनको भनाइ छ।


## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **जि.आर. इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.** (श्रम इजाजत पत्र नं. १०१५/०६८/०६९) मा मेनेजर पदमा कार्यरत टोक्सेल-०८, ओखलढुङ्गा स्थायी ठेगाना भएको **कमल बास्तोला**लाई मिति २०७६/११/०२ गतेदेखि यस प्रा.लि.बाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निज बास्तोलासँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउन हुन भनि यसै सार्वजनिक सूचना जारी गरिएको छ। यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन।

**G.R. International Employment Pvt. Ltd.**
Samakhusi, Kathmandu, Nepal. Lic.No.: 1015/068/069
Phone. No.: 01-4389945, 4689946, Mob. No.: 9841866145



## Saudi मा रोजगार | कम्पनी : DORA DESIGN FACTORY FOR CEMENT PRODUCTS
शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७६/११/०८ | चलानी नं.: ६०१५२१३७ | LT. No.: 233378

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 6 | 0 | स. काममा दक्ष | 1300 | ३९,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन १८ गते (1 Mar. 2020) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**G.R. International Employment Pvt. Ltd.**
Samakhusi, Kathmandu, Nepal. Lic.No.: 1015/068/069
Phone. No.: 01-4389945, 4689946, Mob. No.: 9841866145

यसै प्रा.लि. को लागि Documentation-1 +2 pass, अंग्रेजी भाषा राम्रो सँग बोल्न र लेख्न जानेका र कम्प्युटर सम्बन्धी ज्ञान हुनु पर्नेछ। मेनपावर क्षेत्रमा २ बर्षको अनुभव भएको हुनुपर्नेछ। Manager Assistant-1 हरुको पनि आवश्यकता परेको हुदाँ इच्छुक व्यक्तिले आफ्नो बायो डाटा सहित सम्पर्क गर्नुहोला।



## UAE मा रोजगार | कम्पनी : UNITED INTERNATIONAL GROUP (MANPOWER RECRUITMENT DIVISION)
शहर : UAE

पूर्व स्वीकृत मितिः २०७६/१०/१४ | चलानी नं.: ६०१५०६६८ | LT. No.: 231871 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Carpenter Assistant | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Reinforcing Fitter Assistant | 25 | 0 | | 1200 | ३७,३५५ | | | | | | | |
| 3. | Brick Mason | 25 | 0 | | 1200 | ३७,३५५ | | | | | | | |
| 4. | Building Labourer | 25 | 0 | | 800 | २४,९०५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन १६ गते (28 Feb. 2020) मा अञ्जली ट्रेनिङ सेन्तर इटहरी, सुनसरीमा फागुन १७ गते (29 Feb. 2020) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Global Village Source Pvt. Ltd.**
इजाजत पत्र नं. १४५१/०७४/०७५
Maharajgung-04 Ganeshbasti Kathmandu, Tel.: 4429784, 9851254023, 9851195624
Email: globalvillagesource@gmail.com, Web.: www.globalvillagesource.com



## Malaysia मा रोजगार | ALAM SINAR CLEANING SERVICES

पुर्व स्वीकृती मितिः २०७६/११/८ | चलानी नं. ६०१५२११९ | LT No.: 233610

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Washing/Cleaning Worker | 50 | साधारण | 1200 | ३२,९२८।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**5 Star Hotel मा काम गर्नुपर्ने भएकोले अंग्रेजी बोल्न जान्ने, हँसिलो, सुगठन र स्वच्छ सफा हुनुपर्नेछ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

**अन्तरवार्ता २०७६ फाल्गुन १८ र १९ गते (March, 1 & 2) यस प्रा. लि. को कार्यालय, महाराजगंज काठमाडौंमा हुनेछ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला।

**AL-KARIM HUMAN RESOURCES PVT. LTD.**
Govt Lic.: 1181/073/74
Maharajgunj, Chakrapath, Kathmandu Tel.:01-4421108, 4421056



## मलेशियामा रोजगार
१. कम्पनीः FAMILY BAKERY SDN.BHD. शहरः SELANGOR

पूर्व स्वीकृत मितिः २०७६/१०/१७ | चलानी नं.: ६०१५०९३६ | LT. No.: 231869 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 15 | 0 | स. काममा दक्ष | 1200 | ३२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः ADAMI FOOD & SPICES INDUSTRIES SDN BHD शहरः JOHOR

पूर्व स्वीकृत मितिः २०७६/१०/०८ | चलानी नं.: ६०१५०३९९ | LT. No.: 231356 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 2 | 0 | स. काममा दक्ष | 1100 | ३०,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन १८ गते (1 March. 2020) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**DAKSHINKALI MANPOWER SUPPLYER PVT. LTD.**
श्रम इजाजत नं. ८७७/०६७/०६८
Samakhusi, Kathmandu, Phone: 01-4357598, 9813778946, 9849230898, 9751057598
E-mail : supplyerworker@yahoo.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनीः AL-MAHA AGRICULTURAL CONT. COMPANY W.L.L. शहरः KUWAIT

पूर्व स्वीकृत मितिः २०७६/१०/२२ | चलानी नं.: ६०१५१२२७ | L.T. No.: 232587 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman | 2 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ४८,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver | 2 | 0 | | 125 | ४६,६०० | | | | | | | |
| 3. | Heavy Driver | 1 | 0 | | 150 | ५५,९२० | | | | | | | |
| 4. | Labor | 4 | 0 | | 85 | ३१,६९० | | | | | | | |
| 5. | Truck Driver | 1 | 0 | | 150 | ५५,९२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन १८ गते (1 Mar. 2020) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Destiny Human Resource Nepal Pvt. Ltd.**
DHR — Gov. lic. No. 789/065/66
G.P.O. Box: 8975 EPC 5444, Tinkune, Kathmandu, Tel.: 01-4111889, Fax : 4111890
Mob.: 9808117170

# बक्स अफिस समाचार

## हिरो बन्ने प्रकाशको त्यो सपना

**मध्यान्ह/ संवाददाता**
काठमाडौं, १० फागुन




चर्चित गायक प्रकाश सपुतको सानैदेखिको सपना थियो- हिरो बन्ने । त्यही सपना बोकेर उनी काठमाडौं आए । तर, उनी गायक बने । दोहोरी क्लबहरूमा गएर गीत गाउँन थाले । आफ्नो जीवन नै गुजारा गर्न गाह्रो पर्न थालेपछि उनी विदेशी तयारीमा समेत रहे । त्यसका लागि उनले पासपोर्ट समेत बनाइसकेका थिए ।

तर, मनले मानेनन् । आफ्नो गायन क्षेत्रलाई नै अगाडि बढाउँदै गए । केही वर्षको मिहेनतपछि उनी सबैको चर्चामा आए । त्यो चर्चामा आउनुका कारण थियो- फरक शैलीको दोहोरी गीत । उनले दोहोरी ब्याटेल बजार ल्याए । त्यसपछिबाट उनको जीवनको टर्निङ प्वाइन्ट नै परिवर्तन भयो ।

दोहोरी ब्याटेलको चर्चापछि उनले परदेशीको पीडामा आधारित ‘बोल माया बोल’ को गीत बजारमा ल्याए । त्यसपछि भने गायन क्षेत्रमा अग्र पंक्तिमा आए । त्यसपछि उनी देश विदेशमा हुने विभिन्न सांगीतिक कार्यक्रम, मिडिया आदिको नजरमा आए । जसले उनको उचाई ह्वात्तै बढाईदियो ।

त्यो उचाईलाई निरन्तरता दिँदै ‘दोहोरी ब्याटेल-२’ र ‘गलबन्दी’ जस्ता चर्चित गीत बजारमा ल्याए । उनी चलचित्र क्षेत्रबाट पनि नियालिन थाले । उनको सानैदेखि हिरो बन्ने सपना भने अब पुरा हुने भएको छ ।

चर्चित चलचित्र ‘परदेशी’ को सिरिजमा उनको इन्ट्री भएको छ । नारायण रायमाझीको निर्देशनाम बन्न लागेको चलचित्र ‘परदेशी-२’ मा प्रकाश मुख्य नायक रहेका छन् ।

यो चलचित्रमा प्रकाशसँगै नायिका वर्षा सिवाकोटीको मुख्य भूमिका छ । आउँदो वर्षको दशैंलाई लक्षित गरेर चलचित्र निर्माण गरिन लागिएको प्रकाशले जानकारी दिए । प्रकाशले चलचित्रको छायांकन सुरु हुँदा आफूलाई खुशी, डरसँगै उत्साहित भएको बताए ।


प्रकाशको सानैदेखि हिरो बन्न सपना भने पुरा हुने भएको छ । चलचित्रको छायांकन सुरु भएसँगै आफ्नो कुनै नयाँ सपना नभएको बताए । ‘अब म सँग नयाँ सपना छैन । किनकी अधुरो एउटा सपना पनि पुरा भएको छ- चलचित्रमा अभिनय गर्ने । हिरो बन्ने !’ उनले भने । सांगीतिक यात्रा होस या चलचित्रको यात्रा भएपनि आफु ईमान्दार, गम्भीर र मेहनतका साथ काम गर्ने प्रतिबद्धता जनाए । चलचित्रको छायांकन दुई मनिामा सकिनेछ ।

चलचित्रको छायांकन सुरु भएसँगै प्रकाशले केही समयका लदागि आफ्नो सांगीतिक यात्रामा विश्राम लगाएका छन् । बैशाखसम्म कुनै पनि पूर्वनिर्धारित सांगीतिक कार्यक्रमबाहेक अन्यमा सहभागीता जनाउने नसक्ने जनाए ।

चलचित्र ‘परदेशी’ को सिरिजको रुपमा रहने यो चलचित्रमा वैदेशिक रोजगारीको कथा समेटिनेछ । परदेशीमा भारतीय गायक प्रशान्त तामाङ र रजनी केसीको अभिनय रहेको थियो । परदेशीमा पनि वैदेशिक रोजगारीमा गएका युवकको कथा समाबेश गरिएको थियो ।

त्यसैको सिरिजका रुपमा आउने परदेशी २ मा पनि वैदेशिक रोजगारको कथा नै समेटिएको निर्देशक रायमाझीले बताए । आउँदो दशैंमा प्रदर्शनको तयारी गरेसँगै चलचित्रहरूको महाभिडन्त हुने भएको छ ।

## दुर्गा कार्कीको प्रथम कृति ‘कुमारी प्रश्नहरू’



**काठमाडौं/मस–** नवोदित लेखक दुर्गा कार्कीको प्रथम कृति ‘कुमारी प्रश्नहरू’ सार्वजनिक गरिएको छ । नेपालयको कालिकास्थानस्थित ’आर’ शालामा आयोजित कार्यक्रममा बेलायती राजदूत निकोला पोलिटले विमोचन गरिन् ।

‘कुमारी प्रश्नहरू’ पब्लिकेसन नेपालयका लागि २०२० को पहिलो पुस्तक हो । साहित्यमा महिलाको स्थानको संक्षिप्त वर्णन गर्दै राजदूत पोलिटले नेपाली साहित्यमा महिलाको बढ्दो सहभागिताले आफू उत्साहित भएको बताइन् ।

पोलिटले बेलायतको साहित्यिक इतिहासको स्मरण गराउँदै उसबेला उता पनि जर्ज एलिट जस्ता महिला लेखकले पुरुषका नाममा लेख्ने गरेको भन्दै उनले भनिन्, “महिलालाई महत्वका साथ नहेरिए साहित्यको मैदान अनुभूति बेगरको मरुभूमी बन्नेछ ।”

पुस्तकका बारे बोल्दै लेखक कार्कीले भनिन्, “लेख्नु भनेको लेखाईमार्फत् अरुलाई बुझ्नु पनि हो, त्यसैले यी कथाहरु लेख्दा मैले धेरै मान्छेका भावनाहरुलाई महसुस गर्ने मौका पाएकी छु । त्यसरी नै पात्रका भावनाहरु मार्फत समाजका बिबिध पक्षलाई केलाउने मौका पनि पाएकी छु ।”

आफ्नो लेखकीय भूमिकाबारे प्रष्ट्याउँदै उनले भनिन्, “म आख्यान र गैर आख्यान दुवै विधामा लेख्न रुचाउँछु तर आख्यान लेख्दा बैचारिक आग्रह नथोपरियोस भन्नेमा सचेत रहन्छु ।”

कार्यक्रममा पत्रकार अमित ढकालले दुर्गाको लेखनी शैली विशेष रहेको भन्दै प्रशंसा गरे । उनले भने, ‘दुर्गाको लेखनीमा विशेष शैली छ जसमार्फत् उनले उठान गरेका हरेक विषयवस्तुले नविन जीवन पाउँछन् । त्यही नविनता र गुरुत्व उनको कथा सँग्रहमा पनि छर्लङ्ग देखिन्छ ।’

नेपालय पब्लिकेसनकी सम्पादक भूषिता वशिष्ठले प्रकाशित पुस्तकको सेरोफेरोमा रहेर लेखकसँग अन्तरसंवाद गरेकी थिइन् । संवादले पुस्तजकको भाषा, शिल्प, शैली र विधाका बारेमा प्रकाश पार्दै लेखकीय चुनौतिको विषयलाई समेटेको थियो ।

पुस्तक सार्वजनिक भएसंगै दुर्गा कार्कीको ‘कुमारी प्रश्नहरू’ नेपालका अधिकांश पुस्तक बिक्रेताका साथै एमेजन डट कममार्फत् संसारभर उपलब्ध हुने जनाइएको छ । सार्वजनिक पुस्तक ‘कुमारी प्रश्नहरू’ को मूल्य ४ सय २५ रुपैयाँ तोकिएको छ ।

## दशौं अन्तर्राष्ट्रिय लोक सांस्कृति मेला फागुनमा




**काठमाडौं/मस–** दशौं अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेला फागुन १६ गतेदेखि हुने भएको छ । ‘नेपाल भ्रमण वर्ष २०२०’ सफल बनाउने उद्देश्यले आयोजना हुन लागेको मेला फागुन २५ गतेसम्म चल्नेछ । ‘पर्यटक कलाकारको स्वागत सत्कार, नेपाली लोक संस्कृतिको आधार’ भन्ने मूल नारासहित एभरेष्ट नेपाल कल्चरल ग्रुपले आयोजना गर्ने सो मेलामा नेपालसहित इस्टोनिया, बङ्गलादेश, श्रीलङ्का, डेनमार्क, इजरायल, भारत र मलेसियालगायत देशबाट २५० भन्दा बढी कलाकारको सहभागिता रहनेछ ।

मेला अवधिभर कलाकारले आ-आफ्नो संस्कृति झल्कने भेषभूषा लगाई सांस्कृतिक झाँकी प्रस्तुत गर्ने र आ-आफ्नो देशको लोकगीत, सङ्गीत र लोक नृत्य प्रस्तुत गर्ने मेलाका संयोजक रामचन्द्र कोइरालाले जानकारी दिए । मेला काठमाडौं, ललितपुर, पोखरा, जस्ता पर्यटकीय तथा ऐतिहासिक क्षेत्रमा आयोजना गरिनेछ । मेलाबाट देशका विविध संस्कृति, पुरातत्विक र अन्य पर्यटकीयस्थलको मात्र नभई सम्पूर्ण नेपालकै विश्वसामु प्रचारप्रसार हुनसक्ने अपेक्षा गरिएको छ ।

प्रथम अन्तर्राष्ट्रिय लोक साँस्कृतिक मेला देखि नवौं अन्तर्राष्ट्रिय लोक साँस्कृतिक मेलासम्म आइपुग्दा करिब ७५ भन्दा बढी देशका चार हजार भन्दा बढी कलाकारहरूले आ-आफ्नो देशको मौलिकता झल्कने झाँकी सहित विविध लोक साँस्कृतिक कार्यक्रम प्रस्तुत गरिसकेको ग्रुपले जनाएको छ । विदेशी कलाकारहरू काठमाडौं आसपासका विद्यालयमा गई आ-आफ्नो साँस्कृतिक नृत्य प्रस्तुत गर्ने र स्थानीय विद्यालयका विद्याथीहरूले समेत आ-आफ्नो विद्यालयको तर्फबाट साङ्गीतिक प्रस्तुति दिने कार्यक्रम समेत रहेको संयोजक कोइरालले बताए । यस किसिमको साँस्कृतिक आदान प्रदानले विद्यार्थीमा आफ्नो लोक संस्कृतिप्रति अभिरूची बढ्नुका साथै अरू देशको पनि लोकपरम्परा बुझ्ने अवसर प्राप्त हुनेविश्वास लिइएको छ ।

एभरेष्ट नेपाल कल्चरल ग्रुप नेपाली लोक संस्कृतिको संरक्षण तथा सम्बर्द्धन गर्ने प्रमुख लक्ष्य बोकेर दुई दशकअघि स्थापना भएको संस्था हो । स्थापनाकालदेखि यस संस्थाले नेपालको सांस्कृतिक विविधतालाई विश्वसामु प्रस्तुत गर्दै आएको छ ।

## परिवारको आर्थिक भार घटाउन निर्देशककी छोरी पोर्न स्टार



**एजेन्सी ।** चलचित्र क्षेत्रमा रहेका अग्रज कलाकार आफ्ना सन्तानलाई राम्रै भूमिकाबाट डेब्यु गराउँछन् । उनीहरूले राम्रै उचाई समेत पाइरहेका हुन्छन् । तर धेरैलाई आश्चर्यचकित पार्दै हलिउडका चर्चित फिल्म निर्माता एवं निर्देशक स्टिवन स्पिलबर्गकी छोरी मिकेला पोर्न स्टार बन्ने भएकी छन् ।

आफ्ना अभिभावकको आर्थिक भार घटाउन भन्दै स्टिवनकी २३ वर्षीया छोरी मिकेलाले पोर्न फिल्म खेल्ने निर्णय गरेकी हुन् । यो निर्णयमा आफ्ना अभिभावकदेखि भावी पतिले समेत समर्थन गरेको उनले खुलासा गरेकी छन् ।

आफूले पोर्न फिल्म खेले पनि त्यसमा एक प्रस्तुति हुने मिकेलाको भनाइ छ । चर्चित पत्रिका ‘द सन’ लाई दिएको अन्तर्वार्तामा उनले आफू दिनदिनैको कामबाट थकित भएको र आत्मसन्तुष्टि पनि नमिलेकोले यो निर्णय गरेको बताएकी छन् ।

मिकेला निर्देशक स्टिवनकी आफ्नै छोरी नभई धर्मपुत्री हुन् । स्पिलवर्ग जुरासिक पार्क, डिन्डियाना जोन्स, लिंकन, सेभिङ प्राइभेट रायलगायत चर्चित सिनेमाका निर्माता हुन् । उनीसँग करिब २.१ बिलियन अमेरिकी डलर सम्पत्ति छ ।

छोरीको उक्त निर्णयलाई निर्देशक स्टिवनको परिवारले समेत मौन समर्थन जनाएको छ । सुरुमा छोरीलाई चलचित्र क्षेत्रमा नै प्रवेश गराउन खोजेका निर्देशक स्टिवन छोरीको निर्णयका अगाडि निरिह बने र छोरीको निर्णयलाई सर्मथन जनाउने मनसायमा पुगे ।

## पल शाहलाई प्रश्न, ‘विवाह कहिले गर्ने ?’



**काठमाडौं/मस–** पछिल्लो समय म्यूजिक भिडियो हुँदै चलचित्र क्षेत्रमा इन्ट्री मारेका नायक हुन- पल शाह । म्यूजिक भिडियोमा निकै रुचाईएका पल चलचित्र क्षेत्रमा भने राम्रोसँग भिज्न सकेका छैनन् ।

दर्शकले पनि उनको चलचित्र यात्रालाई धेरै रुचाउन सकेका छैनन् । म्यूजिक भिडियोमा भने पल शाह र आँचल शर्माको जोडी सबैको नजर पर्छ । तर, अब दुवै जना म्यूजिक भिडियो भन्दा चलचित्र क्षेत्रलाई बढी प्राथमिकता दिन थालेका छन् । उनको पहिलो भिडियोको रुपमा ‘ तिम्रो यादमा रहन्छु अचेल’ नाचेका थिए । जुन भिडियोबाट उनी चर्चामा आए । उनले १५० भन्दा बढी भिडियोमा काम गरिसकेका छन् । उनले यस क्षेत्रमा ‘नाई नभन्नू ल -४’ बाट चलचित्र क्षेत्रमा इन्ट्री मारेका थिए ।

तिनै पल शनिवारदेखि ३० वर्षमा प्रवेश गरेका छन् । उनले आफ्नो जन्मदिन ‘पल शाह फ्यान क्लब’ सँग मनाए । जन्मदिन मनाउन पल आफ्नो फ्यान कजोलले भनेकै आश्रममा पुगे । र आफ्नो फ्यान र त्यहाँका अनाथ बालबालिकाहरुसँग बसेर जन्मदिनको केक काटे । अनाथ आश्रम पुगेका पल र उनका फ्यानहरुले केही खानेकुरा र आर्थिक सहयोग पनि गरेका छन् । पल आफ्नो जन्मदिन प्रायः सामाजिक कार्य गरिरहेका संस्थामा नै पुगेर मनाउने गर्छन् । उनी कहिले बृद्ध आश्रम पुग्छन् त कहिले अनाथ आश्रम । पल भन्छन्, ‘मलाई पार्टी गर्ने, झुम्ने भन्दा पनि सामाजिक कार्य गर्न नै रमाइलो र खुसी लाग्छ ।’ आफ्नो उमेर धेरै भइसकेको तर, गर्न बाकीँ काम धेरै भएकाले उनी आफैँसँग भने केही तर्सिएको बताउँछन् । उनले भने, ‘उमेर त धेरै नै भइसक्यो । गर्न पर्ने कामहरु पनि धेरै छन् । अझै थप मेहनतका साथ काम गर्नेछु ।’

पललाई परिवारबाट विवाहको दवाव भने खासै नरहेको बताए । कतैबाट कुरा उठिहाल्यो भने पनि उनी तत्काल विवाह नगर्ने भन्दै नकार्दै जान्छन् । ‘हामी सामान्य परिवारको मान्छे । काठमाडौंमा बस्ने बास बनाएपछि मात्र बिबाह गर्छु भन्ने गरेको छु’, पल भन्छन्, ‘मैले भनेको कुरामा उहाँहरुले प्रश्न गर्नुभएको छैन ।’

## इन्स्टाग्राममा प्रियंकाको कमाइ

**एजेन्सी ।** बलिउड नायिका प्रियंका चोपडाको सामाजिक सञ्जाल इन्स्टाग्रामबाट निकै आकर्षक कमाइ हुने गरेको छ । हलिउडमा समेत आफ्नो राम्रो स्थान बनाएकी प्रियंकाको इन्स्टाग्राममा ५० मिलियन फलोअर्स पुगेका छन् । उनी भारतका विराट कोहलीपछि इन्स्टाग्राममा सबैभन्दा धेरै फलोअर्स हुने स्टारमा पर्छिन् ।

उनी एउटा पोस्ट गरेबापत लगभग दुई करोड भारतीय रुपैयाँ लिन्छिन् । यो साताको सुरुआतमा विराट कोहलीको इन्स्टाग्राममा ५० मिलियन फलोअर्स पुगेका थिए । उनी यति धेरै फलोअर्स पुग्ने पहिलो भारतीय बनेका थिए । अहिले उनको ५०.२ मिलियन फलोअर्स छन् । विराट र प्रियंकापछि दीपिका पादुकोणको ४४.२ मिलियन फलोअर्स छन् ।

प्रियंका र विराट एकमात्र भारतीय हुन् जसले २०१९ मा इन्स्टाग्रामको हिट लिस्टमा आफ्नो स्थान बनाएका छन् । सूचीबाट थाहा हुन्छ कि इन्स्टाग्राममा स्पोन्सर पोस्टबाट उनी दुई लाख ७१ हजार अमेरिकी डलर कमाउँछिन् । योसँगै उनी इन्स्टाग्राममा स्पोन्सर पोस्टबाट कमाइ गर्ने व्यक्तिको सूचीमा १९ औं स्थानमा छिन् ।


### भूल सुधार

मिति २०७६/११/०९ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित मलेशियामा रोजगार शिर्षक, कम्पनी: Weng Hup Sole Material Supplier LT. No.: 233634 र चलानी नं.: ६०१५२१२३ को विज्ञापनमा अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा फागुन १६ गते (28 Feb. 2020) मा हुनेछ । हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**Nice Overseas Pvt. Ltd.**
Dhobighat-3, New Colony, Lalitpur
Tel.: 5535529, 5523629, 9851193062


**नेपाल सरकार**
**राजपुर नगरपालिका**
**रौतहट जिल्ला**

**प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination-IEE) अध्ययन गर्ने बारे सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७६/११/११**

oxfam नेपाल तथा ग्रामीण बिकास केन्द्र रौतहट नेपाल को आर्थिक सहयोगमा प्रदेश नं. २ को रौतहट जिल्ला स्थित राजपुर नगरपालिकाको वडा नं. २ मा सञ्चालन हुन गइरहेको फतुवा खानेपानी आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination) प्रतिवेदन तयार गर्नुपर्ने भएकोले सो, आयोजनाबाट प्रभावित हुने क्षेत्रहरू श्री राजपुर नगरपालिका वडा नं. २ तथा नगरपालिका क्षेत्रमा भौतिक, जैविक, सामाजिक आर्थिक एवम् सांस्कृतिक पक्ष तथा प्रणालीहरूमा के कस्ता असरहरू पर्दछन् वा पर्न सक्छन् सो बारे लिखित राय सुझाव सहित १५ (पन्ध्र) दिन भित्र आईपुग्ने गरी निम्न ठेगानामा पठाई दिनु हुन वातावरण संरक्षण नियमावली २०५४ को नियम ७ (२) अनुसार यो सूचना प्रकाशित गरिएको छ । साथै लिखित राय सुझावको प्रतिलिपि सम्बन्धित मन्त्रालय तथा विभागमा समेत दिन सकिनेछ ।

**राय सुझाव पठाउने ठेगाना**
**ग्रामिण विकास केन्द्र, (आरडीसी) नेपाल**
चन्द्रपुर-४, रौतहट, नेपाल
+९७७-९८५५०४३८८६
+९७७-५५ ५४०२०३
E-mail: info@rdcnepal.org


### मलेसियामा रोजगार | कम्पनी : DOSB DEMAND OPTIONS SDN. BHD. शहर : MALAYSIA

पूर्व स्वीकृती मिति: २०७६/१०/२६ चलानी नं.: ६०१५१४४१ LT. No.: 232823 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Operator | 60 | 10 | स. काममा दक्ष | 1200 | ३२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन १८ गते (1 March. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**RHR Rose Human Resources Pvt. Ltd.**
श्रम इजाजत नं. १४५६/०७४/०७५
Sinamangal-9, Kathmandu, Tel.: 01-4110956, 4110832, 9803281289
Email : rosehumanresources12@gmail.com

### मलेसियामा रोजगार | कम्पनी: UPPAL AIMED GUARD SECURITY SDN.BHD शहर: MALE

पूर्व स्वीकृत मिति: २०७६/०९/१७ चलानी नं.: ६०१४९४७३ LT. No.: 230507 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 27 | 0 | स. काममा दक्ष | 1100 | ३०,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन १८ गते (1 March. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Wish HR Solution Pvt. Ltd.**
Gov. Lic. No.: 1425/074/075
Kalimati Dol, Sinamangal-9,Kathmandu, Tel: 4496093, 4497897
Email:- info@wishhrsolution.com, wishhr1425@gmail.com

### अत्यन्त जरूरी सूचना

यस फ्युचर स्टार म्यानपावर प्रा.लि.मा को-अर्डिनेटर अफिसरको रुपमा कार्यरत राजु ज्ञवालीलाई मिति २०७६/११/०८ गतेबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराउँदछौं । साथै यस प्रा.लि. को नाममा निजसँग कम्पनी सम्बन्धि कुनै पनि आर्थिक कारोबार नगर्न नगराउन हुन अनुरोध गर्दछौं यदि गरेको, गराएको पाइएमा कम्पनी जवाफदेही नहुने व्याहोरा सबैमा जानकारी गराउँदछौं ।

**FUTURE STAR MANPOWER PVT. LTD. फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.**
टाउनप्लानिङ्ग (स्विमिङ्गपुल) सामाखुसी, काठमाडौं, श्रम इजाजत नं.: ३९७/०६०/०६१
फोन: ४३६०५७६, ४३५०७१९ मो. ९८१०१०१८१०, ९८५११२६६५२
Email: futurestarmp397@gmail.com, web: www.futurestarmanpower.com

# मोफसल गोल्डकप

## उपाधिका लागि मछिन्द्र र थ्रीस्टार भिड्दै

**मध्यान्ह संवाददाता**
झापा, १० फागुन

हालै काठमाडौंमा सम्पन्न शहीद स्मारक ए डिभिजन लिग विजेता मछिन्द्र र थ्रीस्टार क्लब मोफसलमा जारी गोल्डकपको फाइनलमा आइतबार प्रतिस्पर्धा गर्दै छन् । झापाको झिलझिलेमा जारी सताक्षी गोल्डकप फुटबलको फाइनलमा मछिन्द्र र ए डिभिजन लिगको चौथो स्थानमा रहेको थ्रीस्टार आमने सामने हुन लागेका हुन् ।



ए डिभिजन लिग जितेको मछिन्द्रले जारी गोल्डकपको सेमिफाइनलमा दोस्रो स्थानमा रहेको त्रिभुवन आर्मीलाई पराजित गरेको थियो । यस्तै थ्रीस्टारले आयोजक सताक्षीधाम स्पोर्टिङ क्लबलाई पराजित गरेको थियो । फाइनल खेलको अघिल्लो दिन शनिबार आयोजित प्रिम्याच कन्फ्रेन्समा दुवै टिमका कप्तानले उपाधि जित्ने लक्ष्य रहेको बताएका छन् ।

थ्रि स्टारका कप्तान विक्रम लामाले टिममा नयाँ खेलाडी भएकाले आफूहरुले यो प्रतियोगितालाई अवसरको रुपमा लिएको बताएका छन् ।

मछिन्द्रका कप्तान विराज महर्जनले टिमका लागि फाइनल खेल महत्वपूर्ण रहेको बताउँदै लिग जितेको शाख जोगाउन पनि उपाधि जित्नु पर्नेमा जोड दिए ।

सताक्षी गोल्डकपको विजेताले नगद ६ लाख र उपविजेताले ३ लाख रुपैयाँ प्राप्त गर्ने छन् ।

## आयोजक धरान नै पराजित

**धरान, मस**–बाइसौं औं अन्तर्राष्ट्रिय आमन्त्रण बुढासुब्बा गोल्ड कपको उद्घाटन खेलमा दार्जिलिङको युनाइटेड खरसाङ फुटबल क्लबले विजयी शुरुवात गरेको छ ।



शनिबार भएको खेलमा आयोजक धरान फुटबल क्लबलाई पराजित गर्दै खरसाङ विजयी भएको हो । तीन विदेशी खेलाडीसहिति मैदानमा उत्रिएको आयोजक धरानका सुनील खड्काले खेलको ३४ औं गोल गरी टिमलाई अग्रता दिलाएका थिए ।

खेल ७७ औं मिनेटमा खरसङका सिद्धान्त क्षेत्रीले पनि एक गोल गरी खेललाई बराबरीमा ल्याए । यसपछि निर्धारित समयमा दुवै टिमबाट गोल हुन नसकेपछि खेल समय अभावका कारण सिधै ट्राइबेकरबाट खेलको छिनोफानो गरिएको थियो । ट्राइब्रेकरमा आयोजक धरानका मनिस गुरुङ, हेमन्त थापा मात्रै गोल गर्न सफल भए । मनोज राई र बिक्रम लिम्बुले भने गोल गर्न सकेनन् ।

यसैगरी खरसङका वीरेन प्रधान, प्रशान्त राई, सिद्धान्त क्षेत्री, प्रयास प्रधानले गोल गरी आफ्नो टिमलाई ३-५ गोलले विजयी गराए । खेलको म्यान अफ द म्याच खरसङका वाङदेन तामाङ घोषित भए । मोफसलमा निरन्तर सञ्चालन हुँदै आएको बुढाब्बा गोल्ड कपको २२ औं संस्करणको उदघाटन धरान उपमहानगरपालिकाका प्रमुख तिलक राईले गरेका थिए ।

## खप्तड गोल्डकपमा एपीएफ अन्तिम ८ मा

**धनगढी, मस**– विभागीय क्लब एपीएफल चौंथो सुदूरपश्चिम खप्तड गोल्डकप फुटबलको क्वार्टरफाइनलमा प्रवेश गरेको छ । धनगढी रंगशालामा शनिबार भएको खेलमा १ गोलले पछि परेको एपीएफले नतिजा उल्टाउँदै अन्तिम आठमा स्थान पक्का गरेको हो । पहिलो हाफमा १ गोलले पछि परेको एपीएफले दोस्रो हाफको २ गोल गरेको थियो ।



एपीएफलाई जिताउन रमेश दंगाल र बिकु तामाङले एक एक गोल गरे । एनआरटीको लागि दर्शन गुरुङले गोल गरेका थिए । खेलको ३९ औं मिनेटमा दर्शनले गोल गर्दै एनआरटीलाई अग्रता दिलाएका थिए । कप्तान प्रकाश बुढाथोकीले दिएको पासलाई दर्शनले डिबक्स भित्रबाट पहिलो बारमा सुन्दर गोल गरेका थिए ।

खेलको ६० औं मिनेटमा रमेशले गोल गर्दै एपीएफलाई १-१ गोलको बराबरीमा ल्याए । सुदीप शिखाकारको कर्नरमा अनमार्क रहेका डिफेन्डर रमेशले हेड गोल गर्दै एपीएफलाई खेलमा फर्काए ।

त्यसपछि खेलको ६५ औं मिनेटमा वैकल्पिक खेलाडी बिकुले गोल गर्दै एपीएफलाई २-१ को जित दिलाए । कप्तान टोप बहादुर बिष्टले प्रहार गरेको रिबाउण्ड बलमा बिकुले गोल गरेका थिए । अब एपीएफले सेमिफाइनल प्रवेशका लागि नेपाल पुलिस क्लबसँग खेल्ने छ ।

प्रतियोगिता अन्तर्गत आइतबार नव जन जागृती क्लब सिमरा र मदन भण्डारी स्पोर्ट्स एकेडेमीबीच खेल हुने छ ।

यसैबीच, जावलाखेल युथ क्लब तेस्रो बागमति गोल्डकप फुटबलको फाइनलमा प्रवेश गरेको छ । शनिबार भएको सेमिफाइनलमा संकटालाई २-० गोल अन्तरले पराजित गर्दै फाइनलमा स्थान सुरक्षित गरेको हो । फाइनलमा अब जावलाखेलले उपाधिका लागि हिमालयन शेर्पासँग आइतबार प्रतिस्पर्धा गर्ने छ । जावलाखेलको जीतमा डुमिबा र विमल घिसिङले एक एक गोल गरेका थिए । बागमति नगरपालिकाको आयोजनामा भएको प्रतियोगिताको उपाधि विजेताले नगद ६ लाख रुपैयाँ पुरस्कार पाउने छन् ।

## आहा ! रारा गोल्डकपको पुरस्कार राशिमा वृद्धि

**पोखरा, मस**– पोखरामा आगामी फागुन २२ देखि चैत १ गतेसम्म सञ्चालन हुने १८औं संस्करणको 'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तर क्लब आहा ! रारा गोल्डकप' फुटबल प्रतियोगिताको पुरस्कार राशि वृद्धि गरिएको छ ।

प्रतियोगिता आयोजक सहारा क्लब पोखराले यस वर्षको विजेताले १० लाख एक हजार तथा उपविजेताले पाँच लाख एक हजार धनराशि पुरस्कार प्राप्त गर्ने आज पत्रकार सम्मेलन आयोजना गरेर जानकारी दिएको हो । गत वर्ष विजेताले आठ लाख एक हजार तथा उपविजेताले चार लाख एक हजार धनराशि पुरस्कार प्राप्त गरेका थिए ।

प्रतियोगितामा सर्वाधिक गोलकर्तालाई २५ हजार तथा उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, फरवार्ड तथा प्रशिक्षकलाई समेत जनही १५ हजारका दरले पुरस्कार प्रदान गरिने क्लबका अध्यक्ष केशवबहादुर थापाले बताए । प्रत्येक खेलको 'म्यान अफ दी म्याच'लाई समेत रु पाँच हजार पुरस्कार प्रदान गरिने बताइएको छ ।

'सर्वोत्कृष्ट राष्ट्रिय फुटबल खेलाडी सम्मान २०७६' बाट एक जना राष्ट्रिय फुटबल टोलीका खेलाडीलाई ३५ हजार, प्रमाणपत्र तथा दोसल्लाबाट सम्मान गरिने क्लबले जनाएको छ ।

प्रतियोगितामा साविक विजेता थ्रीस्टार क्लब तथा उपविजेता त्रिभुवन आर्मी क्लबसहित मनाङ मर्स्याङ्दी, ब्रिगेट ब्याइज, नेपाल पुलिस क्लब, नेपाल एपिएफ क्लब, सङ्कटा, झापा ११ फुटबल, क्लब, गान्टोङ सिटी फुटबल क्लब भारत र आयोजक सहारा क्लब पोखरा गरी १० टोलीले उपाधिका लागि प्रतिष्पर्धा गर्ने निश्चित भएको छ ।

पर्यटकीय शहर पोखरालाई 'स्पोर्टस् हब'का रुपमा परिचित गराउँदै नेपाल भ्रमण वर्ष २०२० लाई सहयोग पुऱ्याउनुका साथै नवप्रतिभावान फुटबल खेलाडीलाई आफ्नो खेल कौशल प्रदर्शन गर्ने उचित अवसर उपलब्ध गराउन प्रतियोगिताले सहयोग पुग्ने विश्वास आयोजकको छ ।

अध्यक्ष थापाले प्रतियोगितास्थलका बारेमा केही आशङ्का रहेकामा राष्ट्रिय खेलकूद परिषद्ले निर्माणाधीन पोखरा फुटबल रङ्गशालामा नै प्रतियोगिता सञ्चालन गर्न अनुमति दिएसँगै आशङ्का हटेको र विभिन्न १४ उपसमिति गठन गरेर प्रतियोगिताको तयारी तीव्र पारिएको जानकारी दिए ।

कार्यक्रममा राष्ट्रिय खेलकूद परिषद्का सदस्य राजेशकुमार गुरुङले फुटबल रङ्गशालाको प्यारापिटमा हालसम्म १३ हजार ५०० कुर्सी जडान गरिसकिएकाले प्रतियोगिता सञ्चालनमा कठिनाई नहुने तथा प्रतियोगिता शुरु हुने बेलासम्म १६ हजार कुर्सी जडान भइसक्ने बताए । सहाराले प्रतियोगिताबाट बचत रकम क्लबले सञ्चालन गरेको 'सहारा फुटबल एकेडेमी'मा खर्च गर्दै आएको छ । एकेडेमीमा हाल देशका विभिन्न १४ जिल्लाका २४ बालकले आवासीयरुपमा निःशुल्क स्वास्थ्य, शिक्षा तथा फुटबल प्रशिक्षण गरिरहेका छन् ।

## झापामा बुद्धिचाल प्रतियोगिता हुँदै



**झापा/रासस**– झापाको मेचीनगर नगरपालिका-६ काँकडभिट्टामा अन्तर्राष्ट्रिय खुला रेटिङ बुद्धिचाल प्रतियोगिता हुने भएको छ । नाइट चेस क्लबले यही फागुन २० देखि २५ गतेसम्म आयोजना गर्ने प्रतियोगितामा नेपाल, भारत, भूटान र बङ्गलादेशका गरी २५० खेलाडीको सहभागिता रहने आज काँकडभिट्टामा पत्रकार सम्मेलन गरी जानकारी दिएको हो ।


क्लबका अध्यक्ष राजु कार्कीले यो दोस्रो संस्करणमा हुने प्रतियोगिताका लागि नेपाल चेस एसोसिएशनबाट समेत स्वीकृति लिइसकेको बताए । उनले बङ्गलादेशका २०, भारतका ३० तथा नेपालका केही खेलाडीले प्रतियोगितामा सहभागिताका लागि नाम दर्ता गराइसकेको र भूटानबाट समेत खेलाडी सम्पर्कमा आइरहेका बताए ।

प्रतियोगितामा खुलातर्फ २० उत्कृष्ट खेलाडी पुरस्कृत हुनेछन् । जसमा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः नगद ६० हजार, ५० हजार र ४० हजार प्राप्त गर्नेछन् ।

प्रतियोगितामा थप उत्कृष्ट १७ खेलाडीलाई अधिकतम १८ हजारदेखि न्यूनतम पाँच हजारसम्मको नगद पुरस्कार प्रदान गरिने क्लबका महासचिव अशोक राईले बताए । काँकडभिट्टा खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको सभाहलमा सञ्चालन हुने प्रतियोगितालाई मेची युमा चेस एकेडेमीले सहयोग गरेको छ । प्रतियोगिता सञ्चालनमा करीब २४ लाख खर्च लाग्ने आयोजकले जनाएको छ ।

## शिरुषालाई स्वर्ण

**काठमाडौं, मस**– स्याक्रेड हार्ट एकडेमीकी शिरुषा भुजुले अन्तर विद्यालय गर्ल्स ब्याडमिन्टन प्रतियोगिताको उपाधि जितेकी छिन् ।




शनिबार कीर्तिपुरस्थित टीयू कभर्ड हलमा भएको प्रतियोगिताको फाइनलमा विभूति माविकि प्राश्ना श्रेष्ठलाई सोझो सेटमा पराजित गरिन् । पहिलो सेट ११-७ ले जितेकी शिरुषाले दोस्रो सेट ११-८ ले जित्दै उपाधि हात पारेकी हुन् । विभूतिकै पान्जोम लामा र प्रज्ञा सदन माविकी सिमोन राईले तेस्रो स्थान हासिल गरे । त्रिभुवन विश्वविद्यालयको खेलकुद विज्ञानले आयोजना गरेको प्रतियोगितामा १६ प्रतिस्पर्धीहरुको सहभागिता रहेको थियो । एकदिने प्रतियोगिता नकआउट पद्दतिमा खेलाइएको थियो ।

## सानेपालाई जुनियर लिग उपाधि



**काठमाडौं, मस**- जुनियर फुटबल एकेडेमी (जेएफए) लिगको उपाधि सानेपा जितेको छ । शनिबार भएको फाइनलमा बालुवाटारलाई ३-१ गोलले पराजित गर्दै सानेपाले उपाधि जितेको हो । जेएफएले आफ्ना खेलाडीको एक्सपोजरका लागि तीन साताअघि यू-१२ फुटबल लिग सुरु गरेको थियो । लिगमा सानेपाकै बी टोली तेस्रो भयो ।

लिगमा करेज न्यौपाने बेस्ट डिफेन्डर, प्रज्वल श्रेष्ठ मिडफिल्डर, आभानलाल श्रेष्ठ गोलकिपर, अन्जन प्रधान बेस्ट स्ट्राइकर र बाप्तिका कार्की राइजिङ प्लेयर घोषित भए ।

विजेता खेलाडीलाई जेएफएका अध्यक्ष रिजन खड्का, प्रमुख प्रशिक्षक प्रज्वलप्रताप क्षत्री, अक्षरा विद्यालयकी प्रिन्सिपल अञ्जु भट्टराई, बेल्स फुटबल फुटबल संघका सदस्य डेरनलगायतले पुरस्कार प्रदान गरे ।

लिगमा जेएफएको टोलीसँगै काब्य, निसर्ग बाटिका, एसओएस, अक्षरालगायतका विद्यालयका १० टोलीले सहभागिता जनाएका थिए । यस वर्ष एउटा उमेर समूहमा लिग सञ्चालन गरिए पनि आगामी वर्षमा विभिन्न उमेर समूहमा व्यवस्थित रुपमा आयोजना लिग सञ्चालन गरिने जेएफएका प्रमुख प्रशिक्षक क्षत्रीले बताए ।

## एघारौं आ.टि.एफ तेक्वान्दो सुरु



**काभ्रे, मस**– काभ्रेको बनेपास्थित लायकु क्लबमा ११ औं राष्ट्रिय तेक्वान्दो शुरु भएको छ । प्रतियोगिताको बनेपा नगरपालिकाका मेयर लक्ष्मीनरसिं बादेले उद्घाटन गरेका छन् । दुई दिने प्रतियोगितामा उद्घाटनपछि सुरु भएको खेलमा दुईवटा स्वर्ण पदकको नतिजा आएकोमा पुरुष तर्फको १५-२० के जी तौल समूहमा निरञ्जन घिसिङ प्रदेश ३ प्रथम भए भने मौसम बि.क प्रदेश नं ५ ले रजत पदक प्राप्त गरे । यस्तै कास्य पदक भने आयोजकका भइपेन्द्र राईले प्राप्त गरेका छन् ।

त्यस्तै गरी महिलातर्फ भने प्रदेश नं ५ को श्रेया थापाले ३०-३५ केजी तौल समूहमा स्वर्ण पदक जित्न सफल भएकी छिन् भने आयोजकको तर्फबाट रञ्जना मण्डनले रजत पदक हात पारेकी थिइन् । तथा कास्य पदक भने प्रदेश नं १ की शोभा राईले हात पारेकी छिन् ।

## राष्ट्रिय महिला भलिबलको उपाधि एपीएफलाई

**पर्वत, मस**–सशस्त्र प्रहरी बलको एपीएफ क्लबले चौथो दिदिबहिनी कप राष्ट्रिय महिला भलिबल प्रतियोगिताको उपाधि जितेको छ । १३औं गण्डकी प्रदेशस्तरीय महिला महोत्सवको अवसरमा आयोजित प्रतियोगितामा शनिबार भएको फाइनलमा एपीएफले विभागीय प्रतिद्वन्द्वी नेपाल पुलिस क्लबलाई ३-१ को सेटमा स्तब्ध बनायो । एपिएफले पुलिसलाई १५-२५, २५-१८, २५-२१ र २५-१२ ले पराजित गऱ्यो । उपाधि विजेता एपिएफले ट्रफीसँगै दुई लाख रुपैयाँ पुरस्कार प्राप्त गऱ्यो । उपाधि बिजेता टिमका लागि जलजला गाउपालिकाका अध्यक्ष यमबहादुर मल्लले सौजन्य गरेका छन् । उपबिजेता टिम पुलिसले नगद १ लाख प्राप्त गरेको छ ।




एपिएफका प्रशिक्षक महेशप्रसाद चौधरीले डिफेन्स बिग्रेपछि पहिलो सेटमा गुमाउनुपरे पनि खेलाडी धर्यता नगुमाएको बताए । पुलिसका प्रशिक्षक रूपेश बिस्टले पहिलो सेटपश्चात तालमेल नमिल्दा हार बेहोर्नुपरेको बताए । शनिबारै तेस्रो स्थानको लागि भएको खेलमा होङग्वान्जी न्यु डायमण्डले त्रिभुवन आर्मी क्लबलाई स्तब्ध बनायो । न्यु डायमण्डले आर्मीलाई २५-२३, २५-२१, २५-२२ को सोझो सेटमा स्तब्ध बनाको हो । तेस्रो भएको न्यु डायमण्डले ५० हजार रुपैयाँ र ट्रफी प्राप्त गऱ्यो ।

प्रतियोगितामा एपिएफकी सरस्वती चौधरी सर्वोत्कृष्ट खेलाडी घोषित भइन् । उनले ट्रफीसँगै १० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरिन् ।

विधागत उत्कृष्टअन्तर्गत स्पाकरमा एपीएफकी निरुता ठगुन्ना, ब्लकरमा पुलिसकी कोपिला राना, सेटरमा पुलिसकै कमला पुन, लिबेरोमा न्यु डायमण्डकी सलिना श्रेष्ठ र सर्भरमा न्यु डायमण्डकी पनामिका राई घोषित भएको रेफ्री संयोजक एवम् अन्तर्राष्ट्रिय रेफ्री टहलसिह थापामगरले बताए ।

उत्कृष्टले पाँचैले समान पाँच हजार रुपैयाँ प्राप्त गरे । उत्कृष्ट प्रशिक्षकका रूपमा एपिएफका महेशप्रसाद चौधरी घोषित भए । उनले पनि ट्रफी र पाँच हजार रुपैयाँ प्राप्त गरे । प्रतियोगिताको विजेतालाई जलजला गाउँपालिकाका अध्यक्ष यमबहादुर मल्ल र आयोजक रेडियो दिदि बहिनीकी अध्यक्ष कल्पना चापागाईलगायतले पुरस्कृत गरेका थिए ।

## रोयल यु-२३ बास्केटबल सोमबारदेखि

**काठमाडौं, मस**–रोयल स्पोर्ट्स सेन्ट्रलको आयोजनामा प्रथम रोयल राष्ट्रव्यापी यु-२३ पुरुष बास्केटबल प्रतियोगिता सोमबारदेखि हुने भएको छ । प्रतियोगितामा आयोजकसहित ९ टिमको सहभागिता रहने रोयलका सञ्चालक मध्येका एक नृपेश श्रेष्ठले जानकारी गराए । सहभागी टिमलाई २ समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइने छ । समूह 'ए' मा जेभियर इन्टरनेसनल, टाइम्स, हिमालयन ह्वाइटहाउस, साइपाल एकेडेमी र गोल्डेनगेट रहेका छन् ।

समूह 'बी' मा बापेक, आयोजक रोयल, कास्की र बूढानीलकण्ठ छन् । समूहको शीर्ष दुई टोली सेमिफाइनलमा पुग्ने छन् । प्रावधान पुगेका राष्ट्रिय खेलाडीले पनि प्रतियोगितामा सहभागी हुन पाउने छन् ।

प्रथम हुने टिमले ५० हजार नगद पुरस्कार प्राप्त गर्ने छ । 'मोस्ट भेलुएबल प्लेयर' लाई १० हजार नगदबाट पुरस्कृत गरिने छ ।

साताव्यापी प्रतियोगिताका खेलहरु ललितपुरको सानागाउँस्थित रोयलको आफ्नै हलमा हुने छ । नृपेशसहित सफल राष्ट्रिय बास्केटबल खेलाडीद्वय विनोद महर्जन र रविन खत्रीले रोयल सञ्चालन गरिरहेका छन् ।

## लोयल्टी कप फुटबल आइतबारदेखि

**काठमाडौं, मस**-लोयल्टी एकेडेमीको आयोजनामा दसौं लोयल्टी कप अन्तरविद्यालय फुटबल प्रतियोगिता आइतबारदेखि हुने भएको छ ।

सेभेन ए साइड स्वरुपको प्रतियोगितामा आयोजकको दुईसहित १२ छात्र टिमको सहभागिता रहने प्रतियोगिता संयोजक वीरेन्द्र कुरुम्वाङले जनाएका छन् । सहभागी टिमलाई २ समूहमा विभाजन गरी नकआउट आधारमा खेल खेलाइने छ । समूह 'ए' मा सिद्धार्थ बनस्थली, नेक्सस, लोयल्टी 'ए', टीआईए, हिमालयन र लोयल्टी 'बी' रहेका छन् । काष्ठमण्डप, युनाइटेड, विद्या संस्कार, लिटिल एन्जल्स (एलए), टाइमलाइन र शिशु मिलन समूह 'बी' मा छन् ।

प्रतियोगिताका खेलहरु मण्डिखाटारस्थित आयोजकको आफ्नै मैदानमा हुने छ । गत संस्करणको उपाधि एलएले जितेको थियो । फाइनल १६ गते हुने छ ।

पहिलो दिन हुने एक मात्र खेलमा सिद्धार्थ बनस्थलीले नेक्ससको सामना गर्ने छ । प्रतियोगिताको बूढानीलकण्ठ नगरपालिकाका मेयर उद्धव खरेलले उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।

जस्तो सीप उस्तै रोजगार
मुख्य रुपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३६, फ्याक्स: ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित
यस कम्पनीमा सम्पर्क गर्नुहोस ।
Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

# शेयर बजारले जगायो आशा

## नेप्से परिसूचक बढ्यो, सातामा साढे ८ अर्बको कारोबार

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० फागुन



शेयर कारोबार मापक नेप्से परिसूचक एक पटक १ हजार ८ सय ८१ को विन्दुमा पुगेको थियो। १८८१ मा पुगेपछि भने नेप्से परिसूचक उकालो लाग्न सकेन ओरालो झरेको झर्यै भयो। लामो समय १ हजार १ सयको विन्दु आसपासमा देखिएको नेप्से परिसूचक केहि समय यता भने उकालो लाग्न शुरु गरेको छ।

नेप्से परिसूचकसँगै शेयर बजारमा भएको पुँजीकरणमा खर्बौं रकम गिरावट आउदा लगानीकर्ताहरु निकै निरुत्साहित बनेका थिए। अब भने बजार उकालो लागेको भन्दै लगानीकर्ताहरुले खुसी छन्। नेपाल इन्भेष्टर्स फोरमका पूर्व अध्यक्ष अम्बिका पौडेल बजार अब तल नझर्ने बताउछन्। बजारले पछिल्लो समय बढ्ने राम्रो छाट देखाएको प्रतिक्रिया उनको छ।

उनीमात्रै होइन शेयर बजारका लगानीकर्ताहरु यतिबेला निकै खुसी छन्। उनीहरुमा शेयरबजारले आश देखाएको छ। नेप्से परिसूचकले नयाँ इतिहास कायम गरेको छ। साताभर बजारले उकालो यात्रा अर्थात् 'बुलिस ट्रेन्ड' पछ्यायो। बजार उकालो लागेर डेड वर्ष पहिलेको भन्दा माथिको अवस्थामा पुगेको छ। लगानीकर्तामा एक प्रकारको विश्वाससमेत पैदा भएको छ। यसले बजारमा नयाँ लगानीकर्तासमेत थपिएका छन्। नेपाल स्टक एक्सचेन्जका अनुसार साताभर कूल १८१ कम्पनीको रु आठ अर्ब ६९ करोड ८९ लाख ६५ हजार ४७४ मूल्य बराबरका कूल दुई करोड ५३ लाख ३३ हजार ५५९ कित्ता शेयर कारोवार भए। बजार ओरालो लागेर न्यून विन्दुमा आइपुगेको नेप्सेको उकालो यात्रासँगै कारोवारमा देखिएको यो सुधार पछिल्ला दिनको सबैभन्दा बढी हो।

साताको पहिलो दिन नेप्से परिसूचक आज झण्डै २० अङ्कले बढ्यो। सो दिन विभिन्न चार कम्पनीका शेयरमा सकारात्मक 'सर्किट'समेत लागेको थियो। त्यस दिन नेप्सेमा १९.३९ ले वृद्धि भई एक हजार ३६३.९७ मा पुगेको थियो। कूल १७६ कम्पनीका ४१ लाख पाँच हजार १३४ कित्ता शेयर रु एक अर्ब ९७ करोड ८१ लाख आठ हजार ७०१ बराबरको कारोवार भए।

सोमबार नेप्से परिसूचक आज ३४ अङ्कले बढ्यो। लगातार उकालो लागेको बजारमा त्यस दिन नेप्सेले नयाँ इतिहास कायम गरेको थियो। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्सेमा ३४.२४ विन्दुले बढेर एक हजार ३९८.२४ मा पुग्यो। झण्डै रु दुई अर्ब ७० करोड जतिको कारोवार भयो। कूल १७५ कम्पनीका ६४ लाख ७४ हजार ७५० कित्ता शेयर रु दुई अर्ब ६८ करोड ७५ लाख ३३ हजार ४४२ मूल्यमा खरिद-बिक्री भए।

मङ्गलबार नेप्सेमा १.७७ ले वृद्धि भई एक हजार ४००.०१ मा पुग्यो। लामो समयपछि नेप्सेले एक हजार ४०० माथि पुगेको हो। नेप्सेमा झिनो सुधार देखिए पनि कारोवार रकम भने रु दुई अर्ब माथि पुगेको छ। कूल १८१ कम्पनीका ५४ लाख ६८ हजार ४८३ कित्ता शेयर रु दुई अर्ब १२ करोड ५९ लाख ७७ हजार ३४ बराबरको कारोवार भयो।

बुधबार नेप्सेमा ५.२४ विन्दुले सुधार आई एक हजार ४०५.२५ मा पुग्यो। त्यस दिन कूल १७७ कम्पनीको ३४ लाख ५५ हजार ६८२ कित्ता शेयर रु एक अर्ब ६२ करोड ८८ लाख ४१ हजार ३८९ मूल्यमा खरिद-बिक्री भए। बिहीबार नेप्से परिसूचक उच्च अङ्कले वृद्धि भयो। लगातार उकालो लागिरहेको बजारले नयाँ उचाइ कायम गर्‍यो। त्यस दिन नेप्सेमा २९.३२ अङ्कले बढेर एक हजार ४३४.५७ मा पुग्यो। कूल १८० कम्पनीका ५८ लाख २९ हजार ५१० कित्ता शेयर रु दुई अर्ब ७८ करोड ५० लाख चार हजार ९०८ मूल्यमा खरिद-बिक्री भए।

# ज्येष्ठ पत्रकारलाई पेन्सन दिने तयारी

**मध्यान्ह संवाददाता**
मकवानपुर, १० फागुन




अहिले सरकारले सामाजिक सुरक्षा भत्ता वापत ज्येष्ठ नागरिक, एकल महिला साथै पांग तथा अशक्तहरुलाई मासिक रुपमा भत्ता दिदै आएको छ। सामाजिक सुरक्षा भत्ताको विषय चुनावका बेला पनि निकै चर्चा पाउछ। यस्तै भत्ता अब पत्रकारहरुका लागि समेत दि ने तयारी शुरु गरिएको छ। वाग्मती प्रदेश सरकारको प्रेस रजिस्टारको कार्यालयले पत्रकारको हकहितका लागि भन्दै पेन्सन दिने व्यवस्था शुरु गर्न लागेको हो। ३० वर्ष पत्रकारिता गरेको र ६० वर्ष उमेर पूरा गरेका ज्येष्ठ पत्रकारलाई पेन्सन दिने व्यवस्था शुरु गर्ने लागेको कार्यालयका प्रेस रजिस्टार रेवती सापकोटाले जानकारी दिए। उनका अनुसार मासिक रु तीन हजारका दरले पेन्सन दिने व्यवस्था शुरु गर्न लागिएको हो। पेन्सनका लागि सरकारले रु १५ लाख बजेट छुट्याइएको बताइएको छ।

त्यस्तै दुर्घटनामा मृत्यु भएका पत्रकारलाई ५० हजार आर्थिक सहायता दिने कार्यविधिसमेत पारित भएको उनले जानकारी दिए। "दुर्घटनामा परेर घाइते भएका पत्रकारलाई रु ३० हजार दिने र क्यान्सर तथा मिर्गौला रोगबाट पीडित पत्रकारलाई रु ७५ हजारसम्म सहयोग गर्ने योजना सरकारले अगाडि सारेको छ", उनले भने, "सुत्केरी पत्रकारलाई प्रोत्साहनस्वरुप रु ३० हजारका दरले चार वटा फेलोसिप दिने योजना पनि प्रदेश सरकारको छ।" प्रेस रजिस्टारको कार्यालयबाट हालसम्म करिब १०० पत्रकारले परिचयपत्रसमेत प्राप्त गरेको बताइएको छ।

# सिटिजन्स बैंकका शाखा विस्तार

**काठमाडौं/मस-** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले शाखा विस्तार गर्ने क्रममा बिहीबार मिति २०७६ साल फाल्गुण ८ गते बाट थप चार वटा नयाँ शाखाहरु संचालनमा ल्याएको छ। पूजा पाठ गरी बैंकले मोरंगको कन्चनबारी (राजवंशी चोक), कास्कीको हस्पिटल चोक (पोखरा) र कैलालीको अत्तरिया तथा सुखड शाखाहरु संचालनमा ल्याएको छ।

उक्त शाखाहरुको शुभारम्भ समारोहमा स्थानिय निकायका प्रतिनिधिहरू, उद्योगी, व्यापारी, विभिन्न संघ संस्थाका प्रमुख तथा नागरिक समाजका अगुवाहरुको बाक्लो उपस्थिति रहेको थियो।

नेपाली जन माझमा आफ्नो उपस्थितिलाई दरो बनाउन तथा आम नागरिकलाई अत्यावश्यक वित्तीय सेवाको पहुँच प्रदान गर्ने उद्देश्यका साथ बैंकले शाखाहरु विस्तार गरेको हो। नेपाल सरकारले अवलम्बन गरेको वित्तीय समावेशिताको अवधारणालाई कार्यान्वयन गर्न शाखा संजालको विस्तारले टेवा पुग्ने विश्वास बैंकले लिएको छ।

यी शाखाहरु मार्फत ग्राहकहरुको वित्तीय आवश्यकता पुरा गर्न सम्पूर्ण रिटेल बैकिंग सेवा प्रदान गर्नुका साथै साना तथा लघु व्यवसायीहरुमाझ वित्तीय पहुँच पुर्‍याउने लक्ष्य बैंकले राखेको छ। सुविधाजनक बचत खाता योजना, मुद्दती निक्षेप योजना, ए.टि.एम.सेवा, घर तथा सवारी कर्जा, साना व्यवसायी कर्जा, लगायतका वित्तीय सेवाहरु छिटो, छरितो, चुस्त र दुरुस्त रूपमा ग्राहकहरुलाई प्रदान गर्ने प्रतिबद्धता बैंकले व्यक्त गरेको छ। सरकारले वित्तीय पहुँच तथा समावेशिता वृद्धि र औपचारिक अर्थतन्त्रको प्रवर्धनका लागि सबै नेपालीको बैंक खाता भन्ने नीति अवलम्बन गरेको छ। यसलाई मुर्त रुप प्रदान गर्न यस बैंकले थप ४ वटा नयाँ शाखाहरु संचालनमा ल्याएको छ।

संघीयतालाई दह्रो र सहज बनाउन अतुलनीय भूमिका निर्वाह गर्दै आएको यस बैंकले प्रदेश नं १ मा १२, प्रदेश नं २ मा ८, बागमती प्रदेशमा ३९, गण्डकी प्रदेशमा ७, प्रदेश नं ५ मा १३, कर्णाली प्रदेशमा ७ तथा सुदुरपश्चिम प्रदेशमा ७ गरी कुल ९३ वटा शाखा कार्यालयहरुबाट ग्राहकवर्गहरुलाई विभिन्न किसिमका निक्षेप तथा कर्जा सुविधाहरु, घरैमा बसेर बैंक खाता खोल्न सकिने अनलाईन सुविधा, रेमिट्यान्स सेवा, आस्वा, ड्राफ्ट, कार्ड सेवा,साथै कुनै पनि शाखाबाट रकम झिक्न र राख्न सकिने जस्ता सुविधाहरु उपलब्ध गराउँदै आएको छ। सूचना प्रविधिमा आएको परिवर्तनलाई अंगिकार गर्दै यस बैंकले ग्राहक वर्गलाई घरमै बसेर छिटो, छरितो, चुस्त र दुरुस्त रूपमा वित्तीय सेवा सुविधा उपभोग गर्न मिल्ने विभिन्न प्रविधिमैत्री योजनाहरु समेत संचालनमा ल्याएको छ।

यस बैंकले नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त सहयोगी विकाश बैंक लिमिटेडलाई प्राप्ति गर्ने गरी अन्तिम सम्झौतामा हस्ताक्षर गरिसकेको छ। प्राप्ति पश्चात बैंकको कुल शाखा १०७ पुग्नेछ भने प्रदेश नं २ मा थप १३ तथा बागमती प्रदेशमा १ शाखाहरु संचालनमा आउने छन्। सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना ९३ वटा शाखा, ९० वटा ए.टि.एम. र १०३ वटा शाखा रहित बैंकिङ्ग एकाईहरुबाट करिव पाँच लाख ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ। अन्तर्राष्ट्रिय कार्ड प्रदायक कम्पनी भिजासँगको सहकार्यमा यस बैंकको भिजा डेबिट वा क्रेडिट कार्ड प्रयोग गरी नेपालभित्रको कुनै पनि पीओएस मेशिन मार्फत सामान वा सुविधा खरीद गर्दा २० प्रतिशतसम्म क्यास ब्याक (नगद फिर्ता) हुने योजना सञ्चालनमा रहेको छ।

# एनएमबी बैंकले ल्यायो आकर्षक योजना

**काठमाडौं/मस-** एनएमबी बैंकले आफ्नो लोकप्रिय 'एनएमबी तलब खाता' र 'एनएमबी सुपर तलब खाता'मा परिष्कृत विविधताका साथ नयाँ खाता योजनाहरु सञ्चालनमा ल्याएको छ। यस योजना अन्तर्गत खातावालहरुलाई रु.१८ लाख सम्मको कुल वीमा सुविधा प्रदान गरिने बैंकले जनाएको छ। दुई नयाँ योजनाहरु मध्ये 'एनएमबि प्रिमियम तलब खाता'मा ग्राहकहरुलाई रु १० लाख सम्मको दुर्घटना मृत्यू वीमा, १८ प्रकारका घातक रोगहरुको लागि रु ५ लाखसम्मको वीमा सुविधा प्रदान गरिएको छ भने 'एनएमबि प्रिमियम सुपर तलबखाता'मा ग्राहकका लागि रु. १० लाख सम्मको दुर्घटना मृत्यू वीमा, १८ प्रकारका घातक रोगहरुको लागि रु ७ लाखसम्म वीमा र रु १ लाख सम्मको स्वास्थ्य उपचार वीमा योजना ल्याइएको बैंकले जनाएको छ। उल्लेखित खाताहरु शून्य मौज्दातमै खोल्न सकिने बैंकले जनाएको छ। रकम मात्र नभई सुविधाको दायरा पनि बिस्तार गर्ने उद्देश्यको साथ यी दुई खाताको सुरुवात गरिएको बैंकले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

# पाँच तारे होटल तथा रिसोर्ट स्थापना गर्न २ बैंकले गरे लगानी सम्झौता



**काठमाडौं/मस-** ओमस्टोन एशिया क्यापिटल नेपाल प्रा.लि. (ओएसीएनपिएल) ले धुलिखेलमा सुविधासम्पन्न पाँचतारे होटल तथा रिसोर्ट स्थापना गर्नको लागि वित्तीय व्यवस्थापन भएको छ।

दुसित थानी हिमालयन रिसोर्ट एन्ड स्पा स्थापनाको लगानीका लागि सहवित्तीयकरण अन्तर्गत सानिमा बैंकको अगुवाईमा राष्ट्रिय वाणिज्य बैंक सहभागी भई यही २०७६ फाल्गुन ७ गते ऋण सम्झौता सम्पन्न भएको छ। सो परियोजना निर्माणको अनुमानित लागत एक अर्ब २७ करोड रुपैयाँ रहेको छ।

ओएसीएनपिएलले दुसित थानी हिमालयन रिसोर्ट तथा भिल्ला व्यवस्थापन र संचालनको लागि दुसित इन्टरनेशनलसँग सहकार्य गर्नेछ। दुसित इन्टरनेशनल थाइल्याण्डको प्रख्यात हस्पिटालिटी तथा शैक्षिक क्षेत्रसँग सम्बन्धित ब्रान्ड हो जुन अहिलेको समयमा तीव्र गतिमा विस्तार भइरहेको छ।

विगत ६५ वर्षदेखि हस्पिटालिटी क्षेत्रमा विश्वस्तरीय एवं गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको दुसित इन्टरनेशनलको हाल १८ वटा देशहरुमा २९ वटा होटल तथा रिसोर्ट संचालनमा रहेको छ भने अस्ट्रेलिया, नेपाल, भुटान, चीन, इन्डोनेशिया, केन्या, म्यानमार, ओमन, फिलिपिन्स, कतार, साउदी अरब, सिंगापुर, टर्की र युएई जस्ता देशहरुमा ५२ वटा प्रोजेक्ट निर्माणको योजनामा रहेका छन्। सानिमा बैंकका सातवटै प्रदेशमा हाल ७९ वटा शाखा, ३ एक्सटेन्सन काउन्टर र ७९ वटा ए.टि.एम संचालनमा रहेका छन्।

# जुर्मुराउँदै मधेशको पर्यटन

**राजविराज/रासस-** तराई-मधेश अर्थात् मिथिला संस्कृतिको समृद्ध क्षेत्र। मधेशको पर्यटन भन्नासाथ धनुषाको जनकपुरधामलाई लिइन्छ। यो क्षेत्र जानकी मन्दिरका कारण पनि मिथिला संस्कृतिको पर्यायवाची बनेको छ। तर मिथिला सभ्यता-संस्कृतिमा जनकपुरजत्तिकै ऐतिहासिक धार्मिक महत्वको सप्तरी भने पर्यटकीय सम्भावना भएर पनि ओझेलमा परेको छ।

सप्तरीको पर्यटन विकासमा सेतुको भूमिका निर्वाह गरेको छ हवाई यातायात सेवाले। सप्तरी हनुमान नगरका देवेन्द्र झालाई पनि राजविराज विमानस्थलमा हवाई जहाज सेवा शुरु भएपछि जिल्लाको मुहार फेरिने आशा पलाएको छ। उनी भन्छन्, "सप्तरी मिथिला संस्कृति र धार्मिक पर्यटनको प्रचूर सम्भावना भएर पनि ओझेलमा परेको छ, अहिले जहाज ओहोरदोहोर गर्न थालेपछि मानिसको चहलपहल बाक्लिएको छ, पर्यटनका गतिविधि बढ्ने देखिन्छ।"

विश्वप्रसिद्ध हनुमान मन्दिर हनुमानको कालो मूर्तिले प्रख्यात छ। तत्कालीन समयमा सप्तकोशीले आफ्नो धार परिवर्तन गरेपछि हनुमानगर डुबानमा पर्‍यो। हनुमान मन्दिरको नजिक आइपुगेपछि कटान रोकियो। सदरमुकाम राजविराज सारियो। मधेश पर्यटन भन्नसाथ जनकपुरको सम्झना आउने भए पनि जनकपुरलाई बिर्साउने पर्यटकीय सम्भावना सप्तरीले बोकेको साहित्यकार धीरेन्द्र प्रेमर्षी बताउछन्।

राजविराजको आफ्नै ऐतिहासिक महत्व छ। देशकै पहिलो योजनाबद्ध सहर। दुई हजार वर्षदेखि मिथिला संस्कृतिको विकास भएको सप्तरी मन्दिर र पोखरीको जिल्ला भए पनि पर्यटकीय दृष्टिकोणबाट निकै पछि परेको साहित्यकार प्रेमर्षीको भनाइ छ। "सांस्कृतिकरुपले मिथिला संस्कृतिको केन्द्रका रुपमा जनपुरको चर्चा हुन्छ तर जनकपुर बजारमा बढी छ, व्यवहारमा सिरहा, सप्तरी, सुनसरी, मोरङलाई मिथिला संस्कृतिको क्षेत्र मानिन्छ", साहित्यकार प्रेमर्षीले भने। अघिल्लो वर्षदेखि राजविराज विमानस्थल व्यावसायिकरुपमा सञ्चालनमा आएको छ। श्री एयरलाइन्सको ठूलो जहाजले सेवा आरम्भ गरेको यो विमानस्थलमा अहिले बुद्ध एयरले एटिआर ७२ जहाजबाट काठमाडौं-राजविराज दैनिक उडान गरिरहेको छ। बुद्ध एयरका राजविराज स्टेशन म्यानेजर अनिल राजवंशीले यो रुटमा फूल अकुपेन्सीका साथ बुद्धले उडान गरिरहेको बताए। राजधानी काठमाडौंदेखि राजविराजको झण्डै ३५ मिनेट अवधिको उडान हुन्छ। यो उडानले सप्तरी, उदयपुर, सिरहा तथा सुनसरीका यात्रुलाई सुविधा पुग्नेछ।

राजविराजमा हवाई सेवाले सप्तरी मात्र नभई समग्र तराई क्षेत्रको पर्यटन विकासमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ। प्रदेश नं २ का आठ जिल्लाको पर्यटन विकासमा सहयोग पुग्ने विश्वास लिइएको छ। जनकपुर र सिमरामा पहिलादेखि नै हवाई सेवा थियो।

राजविराज धार्मिक तथा पर्यटकीय हिसाबले महत्वपूर्ण शहर हो। यहाँबाट छिन्नमस्ता, बराहक्षेत्र, कोशीटप्पु, सलहेश गहवरका साथै अन्य थुप्रै पर्यटकीय गन्तव्यसम्म सजिलै पुग्न सकिन्छ। सीमापारिका सहर्सा, सुपौल, निर्मली, वीरपुर, राघोपुर, पिपरा, मधेपुरा, प्रतापगञ्ज, झन्झारपुर, सकरी, घोघडिया र लौकहालाई पनि सजिलैसँग जोड्न सकिन्छ।

छिन्नमस्ता भगवती मन्दिरका पिठाधीश महाकान्त ठाकुर राजविराजमा हवाइजहाजको नियमित उडानले राजधानी काठमाडौंका पाहुनालाई मधेशभर र विहारका मन्दिर तथा मधेश र विहारका पाहुनालाई पशुपतिनाथ दर्शनमा लैजान सकिने सम्भावना रहेको बताउछन्। सप्तरी र आसपास क्षेत्रको मात्र नभई प्रदेश नं २ को पर्यटकीय सम्भावना खासगरी धार्मिक पर्यटन प्रवर्द्धनलाई ध्यान दिएर राजविराज गन्तव्यमा उडान गरिएको बुद्धका सूचना व्यवस्थापक दीपेन्द्रकुमार कर्णले बताए।

होटल एशोसिएसन सप्तरीका अध्यक्ष शैलेश चौधरी पनि राजधानीसँगको हवाई सम्पर्क विस्तार भएसँगै यहाँको पर्यटन फस्टाउने बताउछन्। सदरमुकाममा अहिले तीन वटा मात्र सुविधायुक्त होटेल छन्। अथाह पर्यटकीय सम्भावना भएर पनि ओझेलमा परेको सप्तरीको पर्यटन विकासका लागि सरोकार भएका निकाय पनि कस्सिएका छन्। भ्रमण वर्ष अभियान प्रदेश नं २ का संयोजक मनिष झाले अन्तर निकायको समन्वय तथा सहयोगमा सप्तरीको पर्यटकीय क्षेत्रको पहिचान तथा प्रवर्द्धनको कामलाई प्रभावकारीरूपमा अघि बढाइने बताए। सप्तरीको पर्यटन विकासका लागि सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले सहयोग गर्ने भए पनि स्थानीय सरोकारवालाले स्वामित्व नलिएसम्म पर्यटन विकास नहुने संयोजक झाको भनाइ थियो।

स्वच्छ जीवन उच्च विचार: लागू औषधको गरौं वहिष्कार।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

यदी छ भने हामीलाई सम्झनुहोस्।
• CCTV, EPABX बिक्रि तथा मर्मत,
डि. आर. ट्रेडिङ्ग कन्सर्न

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ।
सम्पर्क : कलंकी : फोन : ४२८१९८७२
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी संगै...
जनतापाटी
www.janatapati.com

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**